# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषिक मूल्याङ्नको प्रसङ्ग भाषाशिक्षणको जोडिएको हुन्छ । भाषा शिक्षणभाषिक सिपहरूको शिक्षण भएकाले भाषिक मूल्याङ्न पनि भनिन्छ । भाषिक सिपका अपेक्षासितै शिक्षणको अभिन्न प्रक्रिया बनेको हुन्छ । मूल्याङ्नको उपयोग बिनाको भाषाशिक्षण आफैमा अपाङ्ग बन्न सक्छ । त्यसैले भाषा शिक्षणका क्रममा निश्चित लक्ष्य र उद्देश्यहरू हासिल गर्न बारम्बार मूल्याङ्नको उपयोग गरी विद्यार्थीको प्रगति, दर, क्षमता, स्तर, सक्षमता, असक्षमता र उन्नति अवनतिबारे भाषाशिक्षक निरन्तर सचेत रहनुपर्छ । मूल्याङ्नबिनाको भाषाशिक्षण लक्ष्योन्मुख नभई अन्योलपूर्ण र प्रतिगामी किसिमको हुन सक्ने सम्भावना हुन्छ । भाषिक मूल्याङ्कन सम्बन्धित भाषा शिक्षक र विद्यार्थीका लागि मात्र नभई भाषा पाठ्यक्रम निर्माता, भाषाविज्ञ र शिक्षाविद्हरूलाई आ-आफ्ना क्षेत्रमा आवश्यक परिवर्तन सुधार र परिमार्जन गर्ने आधार भाषिक मूल्याङनले दिन्छ (शर्मा, पौडेल, २०७३:२६१/६२)। वास्तवमा मूल्याङ्कन वास्तविक अर्थमा गुणात्मक र परिमाणात्मक लेखाजोखाको संयुक्त स्वरूप हो ( जबरा र अन्य, २०६७:११) यसले कति र कस्तो प्रश्नको जवाफसमेत दिन्छ । त्यसैले मूल्याङ्कन भनेको मापन र मूल्य निर्धारणको सम्मिलित स्वरूप हो (जबरा र अन्य २०६७:११) भाषिक मूल्याङ्नका लागि प्रश्न निर्माण एउटा महत्त्वपूर्ण प्रविधि मानिन्छ ।

भाषा शिक्षणका सिलसिलामा विभिन्न प्रकृतिका प्रश्नहरू भाषिक अभ्यासका महत्त्वपूर्ण सामग्री हुन् । हाम्रो जस्तो भाषिक मूल्याङ्कन प्रणालीमा विद्यार्थीहरूको भाषिक सम्प्राप्तिको स्थिति मापन गर्ने उपयुक्त औजार प्रश्नपत्र नै हो । प्रश्नपत्र जति बढी गुणयुक्त हुन्छ त्यति नै बढी भरपर्दो मूल्याङ्कनीय अपेक्षसँग सम्बन्धित हुन्छ । त्यसैले उद्देश्यपरकता, वैधता, विश्वासनीयता, व्याव्यता, व्यावहारिकता जस्ता बाह्य र आन्तरिक गुणले ओतप्रोत भएका गुणयुक्त र स्तरयुक्त प्रश्नहरूको निर्माण गर्नु आवश्यक हुन्छ । जुनसुकै प्रश्न बनाउँदा प्रथमतः पाठ्यक्रममा भाषिक उद्देश्यहरूको मर्मलाई परिभाषित गर्नु जरूरी हुन्छ । त्यसपछि ती उद्देश्य सापेक्ष परीक्षणीय विषयवस्तु वा पाठ्यवस्तुको पहिचान र विश्लेषण गरी याजनाबद्ध विशिष्टीकरण तालिका बनाएर परीक्षण उद्देश्य परीक्षणीय वस्तु, प्रश्न

सङ्ख्या स्पष्ट गरेर त्यसै विशिष्टीकरण तालिकाको अधिनमा रही उपयुक्त प्रश्न निर्माण गर्नुपर्दछ (शर्मा, पौडेल, २०७३:३०६-३०७) ।

प्रश्नका प्रकारका बारेमा चर्चा गर्दा यसलाई मुख्यतः दुई प्रकारमा विभाजन गरेको पाइन्छ । लिखित र मौखिक । यहाँ लिखित प्रश्नका प्रकारका बारेमा उल्लेख गरिएको छ । लिखित प्रश्न दुई प्रकारका हुन्छन् : विषयगत प्रश्न र वस्तुगत प्रश्न । विषयगत प्रश्नअन्तर्गत निबन्धात्मक प्रश्न र छोटो उत्तरात्मक प्रश्न गरी दुई प्रकारका हुन्छन् भने वस्तुगत प्रश्नअन्तर्गत खालीठाउँ भर्ने प्रश्न, जोडा मिलाउने प्रश्न, ठिक बेठिक प्रश्न र बहुवैकल्पिक प्रश्न गरी चार प्रकारका हुन्छन् । माथिका यिनै कुराहरूलाई आत्मसात् गर्दै यस अध्ययनमा एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. दुईमा सोधिएका प्रश्न पत्रको विश्लेषण गरिनेछ ।

## १.२ समस्याको कथन

कुनै पनि अध्ययनका निम्ति निश्चित समस्याहरूलाई लिइने गरिन्छ । हरेक समस्या विशिष्ट हुने गर्दछ । समस्या भन्ने चिज हरेक क्षेत्रमा रहेको हुन्छ । ती समस्याहरूको समाधान गर्न सके उद्देश्यमा पुग्न सहज हुने गर्दछ । विभिन्न समस्याहरूको अध्ययन र विश्लेषण गर्दै समस्याको समाधान गर्नुपर्दछ । नेपाली भाषाका प्रश्नपत्रहरू निर्माण गर्नु भनेको निश्चय नै कठिन कार्य हो । उपयुक्त र गुणस्तरयुक्त भाषिक प्रश्नहरू भएनन् भने परीक्षणीय वस्तु ओझेलमा पर्न सक्छ । भाषिक गम्भीरतालाई नबुझी प्रश्न निर्माण गर्दा भाषिक सिपको उपयुक्त ढङ्गले मूल्याङ्कन हुन सक्दैन ।

प्रश्न निर्माणकर्ता विषय विज्ञ नहुनु, तालिम प्राप्त तथा दक्ष शिक्षकको अभाव हुनु, विशिष्टीकरण तालिकाको प्रयोग नगर्नु तथा गरे पनि पूर्ण रूपमा नगर्नु आदि जस्ता कुराले भाषिक गुणस्तरहीन तुल्याएको छ । प्रश्नले परीक्षार्थीको सही मूल्याङ्कन गर्नु पर्दछ । प्रश्नले परीक्षार्थीको सही मूल्याङ्कन गर्नु पर्दछ । प्रस्तुत अध्ययनमा एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका प्रश्नपत्रको अध्ययन गरिने छ ।

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) एस.इ.ई. परीक्षा २०७५ सालमा प्रदेश नं. दुईमा सोधिएका प्रश्नपत्र विशिष्टीकरण तालिकाअनुसार छन् ?

(ख) उक्त प्रश्नपत्र बाह्य र आन्तरिक विशेषताका आधारमा कस्ता छन् ?

(ग) उक्त प्रश्नपत्र वैध र विश्वासनीय छन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यमा केन्द्रित हुनेछ :

(क) एस.इ.ई. परीक्षा २०७५ सालमा प्रदेश नं. दुईमा सोधिएका प्रश्नपत्र विशिष्टीकरण तालिकाअनुसार भए नभएको पत्ता लगाउनु ।

(ख) उक्त प्रश्नपत्रको बाह्य र आन्तरिक विशेषताका आधारमा अध्ययन गर्नु ।

(ग) उक्त प्रश्नपत्र वैध र विश्वासनीय भए नभएको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

सबै प्रकारका अध्ययन अनुसन्धानको कुनै न कुनै औचित्य र महत्त्व हुन्छ । औचित्यहीन कार्यबाट कुनै खास उपलब्धि प्राप्त हुन सक्दैन । यस अध्ययनले मुलतः प्रश्नपत्र निर्माणमा देखिएका कमिकमजोरी हटाउन मद्दत पुग्ने देखिन्छ । त्यसैगरी प्रस्तुत अध्ययनबाट नीति निर्माता पनि लाभान्वित हुने देखिन्छन् किन भने यस अध्ययनबाट पाठ्यक्रम र पाठ्यपुस्तकमा गर्नुपर्ने सुधारका बारेमा नीति निर्माताहरूलाई महत्त्वपूर्ण सहयोग पुग्ने छ । यस अध्ययनबाट शिक्षक र विद्यार्थी पनि लाभान्वित हुनेछन् किनभने शिक्षकलाई प्रश्नपत्र निर्माणमा सहयोग र पृष्ठपोषण प्राप्त हुनेछ भने विद्यार्थीलाई प्रश्नका प्रकृति र ढाँचाका बारेमा समेत जानकारी हुनेछ । त्यस्तै अन्य सरोकारवालाहरूलाई पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपबाट फाइदा पुग्ने हुनाले थप अध्ययनको औचित्य रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोध कार्यमा नेपाल सरकार राष्ट्रिय परीक्षा बोर्डद्वारा सोधिएका एस.इ.ई. परीक्षा २०७५ सालको प्रदेश नं. २ को नेपाली विषयको प्रश्नपत्रको अध्ययनमा केन्द्रित हुनेछ । यस अध्ययनमा विशिष्टीकरण तालिकाका आधारमा मात्र प्रश्नपत्रको अध्ययन गरिनेछ । यसमा विश्वासनीयता र वैधताको आधारमा प्रश्नपत्रको विश्लेषण गरिने छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रको निम्नानुसार रहेको छ ।

अध्याय-एक : शोध परिचय

अध्याय-दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

अध्याय-तीन : अध्ययनको प्रक्रिया/विधि

अध्याय-चार : नतिजा/परिणाम र छलफल

अध्याय-पाँच : निष्कर्ष/सुझाव तथा उपयोगिता

# अध्याय दुई
# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गर्ने सन्दर्भमा यस अघि भएका केही अनुसन्धानहरू यहाँ प्रस्तुत गरिएको छ ।

आचार्य (२०६०) द्वारा **२०५८ सालमा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा प्रश्नपत्रहरूको विश्लेषण** शीर्षकको शोधपत्र तयार पारिएको छ । शोधपत्र मा (क) प्रश्नहरू बाह्य र आन्तरिक विशेषताका आधारमा छन् कि छैनन्, (ख) विद्यार्थीहरूको क्षमता र योग्यता अनुकूल भए नभएको र (ग) नेपाली भाषाका प्रश्न निर्माणमा विविधता भए नभएको पत्ता लगाउनु समस्या मानिएको छ । त्यसअनुसार (क) आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नपत्रको सैद्धान्तिक अध्ययन गर्नु, (ख) विद्यार्थीहरूको क्षमता र योग्यता अनुकूल भए नभएको अध्ययन गर्नु, (ग) नेपाली भाषाका प्रश्न निर्माणमा विविधता हुनुका कारणहरू पहिल्याउनुलाई उद्देश्य मानिएको छ । पुस्तकालयीय कार्य, सामग्री सङ्कलन विधि र विश्लेषण विधिको उपयोग गरी शोधपत्रको निष्कर्षमा बाह्य आधारमा प्रश्नहरूको विश्लेषण गर्दा निर्देशन, अङ्क विभाजन र समय निर्धारण प्रस्तुति अनुक्रम, भाषा, स्वरूप, छपाइ र सरसफाइलाई प्राथमिकता दिइएको छ भने आन्तरिक आधारमा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण साथै भाषा तथा प्रश्नका विविध पक्षहरूको चर्चा गरी निष्कर्षमा प्रश्नपत्र बाह्य आन्तरिक आधारमा प्रश्नपत्र निर्माण गरिएको, प्रश्नपत्रमा भाषा सरल, स्पष्ट र शुद्ध नभएको साथै प्रश्नपत्र निर्माणमा पाठ्यक्रम अनुरूपतालाई उपेक्षा गरिएको देखिन्छ ।

पन्थी (२०६४) द्वारा **प्रवेशिका परीक्षा (२०६२/६३) का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** नामक शीर्षकका शोत्रपत्रमा नियमित र एक्जाम्टेड समूहका प्रश्नपत्रहरूको अध्ययन गरिएको छ । उक्त शोधपत्रमा (क) विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लषण गर्नु, (ख) प्रश्नहरूको एकरूपताको अध्ययन गर्नु, (ग) भाषिक सीप परिक्षणको अध्ययन गर्नु, (घ) प्रश्नका सवल दुर्वल पक्ष पहिल्याउनु जस्ता उद्देश्यहरू राखिएको छ । पुस्तकालयीय अध्ययन कार्य अँगाली प्रश्नपत्रहरूको कमजोरीहरू पत्ता लगाउँदै सैद्धान्तिक रूपले विश्लेषण गरिएको छ । निष्कर्षमा तह

नखुलाइनु, शीर्ष निर्देशनमा त्रुटिपूर्ण रहनु जस्ता कमीकमजोरीहरूरहेको र सुझावसमेत पेशगरेको पाइन्छ ।

राई (२०६७) द्वारा नेपाली भाषा शिक्षा विभाग जनता बहुमुखी क्याम्पसमा **अनिवार्य नेपाली र ऐच्छिक नेपाली कक्षा ११ का २०६६ सालमा सोधिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । सो सोधपत्रमा (क) प्रश्नहरू बाह्य र आन्तरिक विशेषता विश्वासनीय छन् कि छैनन्, (ख) विद्यार्थीहरूको क्षमता र योग्यता अनुकूल भए नभएको, (ग) पाठ्यक्रमले अपेक्षा गरे बमोजिम उद्देश्य परिपूर्ति गर्ने खालका भए नभएको, (घ) विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरू भए नभएको र (ङ) ती प्रश्नका कमि कमजोरीहरू के के हुने समस्या मानिएको छ । त्यसअनुसार (क) आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नपत्रहरूमा रहेका कमीकमजोरीहरू पहिचान गर्नु र (ख) प्रश्नपत्रमा देखिएका समस्या निराकरणका लागिआवश्यक सल्लाह र सुझाव दिनुलाई उद्देश्य मानिएको छ । पुस्तकालयीय कार्यमा गरिएको त्यस शोधपत्रमा प्रश्नहरूको प्रस्तुति विद्यार्थीको स्तर अनुरूप रहेको, वर्ण विन्यासमा त्रुटि रहेको र व्याकरण खण्डमा बढी अङ्क विभाजन गरेको भन्ने निष्कर्ष निकालिएको पाइन्छ ।

मल्ल (२०७०) द्वारा केन्द्रीय क्याम्पस नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा **एस.एल.सी. परीक्षा २०६९ मा पाँच विकास क्षेत्रमा सोधिएका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । सो शोधपत्रमा (क) विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरू भए नभएको, (ख) प्रश्नहरूले मापन गर्ने भाषिक सिपको परीक्षण गर्न प्रश्नहरू उपयुक्त छन् कि छैनन् र (ग) ती प्रश्नका सवल र दुर्वल पक्ष के-के हुन् भन्ने समस्या मानिएको छ । त्यसअनुसार (क) विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण गर्नु, (ख) ती प्रश्नपत्रहरूको एकरूपताको अध्ययन गर्नु, (ग) भाषिक सिपको परीक्षणका लागि प्रश्नपत्रहरूको उपयुक्तता हेर्नु र (घ) सवल र दुर्वल पक्षहरू पहिल्याउनुलाई उद्देश्य मानिएको छ । पुस्तककालयीय कार्यमा गरिएको त्यस शोधपत्रमा (क) तह नखुलाइएको, (ख) प्रश्नमा समय निर्धारण नगरिएको, (ग) खाँदेर लेखिएको भन्ने निष्कर्ष निकालिएको पाइन्छ ।

चुँडाल (२०७२) द्वारा सुकुना बहुमुखी क्याम्पसमा **कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०६९) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । सो शोधपत्रमा (क) विशिष्टीकरण तालिकाको आधारमा प्रश्नहरू भए

नभएका, (ख) प्रश्नमा हुनुपर्ने गुणहरू के कस्ता छन्, (ग) प्रश्नहरूको विश्वासनीयता, वैधता र उपयोगिता के कस्तो छ भन्न कुराहरूलाई समस्या मानिएको छ भने त्यसअनुसार (क) विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण गर्नु, (ख) प्रश्न पत्रमा पाइने समानता र असमानता पत्ता लगाउनु, (ग) ती प्रश्नपत्रहरूको विश्वासनीय, वैधता पत्ता लगाउनु जस्ता पक्षहरूलाई उद्देश्य मानिएको छ। तुलनात्मक विधि र पुस्तकालयीय कार्यमा गरिएको त्यस शोधपत्रमा बाह्य र आन्तरिक विशेषताका आधारमा प्रश्नहरू कमजोर रहेका, (ख) विशिष्टीकरण तालिका अनुरूप प्रश्नहरू निर्माण भएका र (ग) प्रश्नपत्रमा स्पष्ट र सरल भाषाको प्रयोग नभएको भन्ने निष्कर्ष निकालिएको पाइन्छ।

दाहाल (२०७२) द्वारा जनता बहुमुखी क्याम्पसमा **नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन** नामक शोधपत्र तयार पारेको देखिन्छ। उक्त शोधपत्रको उद्देश्य २०७१ सालमा उपयोग गरिएका पाँच विकास क्षेत्रमा सोधिएका प्रश्नहरूको आन्तरिक र बाह्य विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्नु, विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्रहरूको अध्ययन गर्नु, प्रश्नहरूमा पाइएका सबल र दुर्बल पक्षहरूको अध्ययन गर्नुका साथै प्रश्न निर्माणमा देखा परेका कमजोरी पक्षको निराकरणका लागि सुझाव प्रस्तुत गर्नु रहेको पाइन्छ। उक्त शोधपत्रमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ। दुर्बल पक्षमा निर्देशनमा त्रुटि, पदयोग र पदवियोग सम्बन्धी त्रुटि, कठिनाइ स्तर र अङ्भारमा अनुपयुक्तता रहेको निष्कर्ष निकाल्दै सुझावहरू पेश गरेको पाइन्छ।

प्रसाई (२०७३) द्वारा **प्रवेशिका परीक्षा २०७० सालका नेपाली विषयका प्रश्नपत्रको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ। सो शोधपत्रमा विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरू निर्माण भए नभएको, ती प्रश्नहरू वैध र विश्वासनीय छन् कि छैनन्, आन्तरिक र बाह्य आधारमा उपयुक्त छन् कि छैनन्, विद्यार्थीहरूको क्षमता र योग्यता अनुकूल छन् कि छैनन् र प्रश्नमा पाइने सवल र दुर्बल पक्षहरू औल्याउने जस्ता समस्या मानिएको छ। त्यसअनुसार प्रश्नहरूको वैधता र विश्वासनीयताको आधारमा अध्ययन गर्नु, आन्तरिक र बाह्य पक्षका आधारमा सैद्धान्तिक अध्ययन गर्नु, विद्यार्थीको क्षमता र योग्यता अनुकूल भए नभएको पत्ता लगाउनु, पाठ्यक्रमबमोजिम भए नभएको पत्ता लगाउनु र विशिष्टीकरण तालिका आधारमा प्रश्नहरूको अध्ययन गर्नु र सबल र दुर्बल पक्षहरू पहिल्याउनुलाई उद्देश्य मानिएको छ। प्रस्तुत शोधपत्रमा तुलनात्मक, वर्णनात्मक र पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ। उक्त अनुसन्धानमा निष्कर्षका रूपमा प्रश्न

निर्देशन अन्योलपूर्ण रहेको तह र स्तर नखुलाइएको, भाषागत त्रुटि देखिएको र विद्यार्थीको क्षमता विकासका आधारमा सान्दर्भिक नदेखिएको भन्ने निष्कर्ष पाइन्छ ।

गुप्ता (२०७४) द्वारा सुकुना बहुमुखी क्याम्पसमा **२०७२ सालमा जिल्लास्तरीय कक्षा आठको परीक्षामा नेपाली भाषा विषयमा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा शोत्रपत्र तयार पारिएको छ । सो शोत्रपत्रमा प्रश्नपत्रको भाषिक सिपको परीक्षण गर्न उपयुक्त छन् कि छैनन्, विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरू भए नभएको प्रश्नहरू विश्वासनीय र वैध भए नभएको र ती प्रश्नहरूले विद्यार्थीहरूका चौतर्फी पक्षको मापन गर्न उपयुक्त छन् कि छैनन् भन्ने समस्या मानिएको छ । त्यसअनुसार विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण गर्नु, ती प्रश्नपत्रहरूको विश्वासनीय र वैधताको विश्लेषण गर्नु भाषिक सिप परीक्षणका लागि प्रश्नपत्रको उपयुक्तता हेर्नुलाई उद्दश्य मानिएको छ ।वर्णात्मक र विश्लेषणात्मक ढाँचामा रहेको त्यस शोधपत्रमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ । बाह्य आधारमा प्रश्नपत्र केहीमात्रामा त्रुटिसहित भएको, आन्तरिक आधारमा आंशिक रूपमा त्रटि भएको, भाषिक सिपगत आधारमा भन्ने प्रश्नपत्रहरू निर्माणभएको र विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्र कार्यान्वयन नभएको भन्ने निष्कर्ष निकालिएको पाइन्छ ।

## २.२ पूर्वकार्यका उपयोगिता/कार्यान्वयन

माथि प्रस्तुत गरिएका पूर्वकार्यहरू विभिन्न सालका जिल्ला स्तरीय परीक्षामा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन, प्रवेशिका परीक्षामा सोधिएका नपाली भाषाका प्रश्नहरूल विश्लेषण, एस.एल.सी. परीक्षामा सोधिएका पाँचै विकास क्षेत्रमा प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन, कक्षा ८ को नेपाली भाषाका प्रश्नहरूको विश्लेषण साथै कक्षा ११ को परीक्षामा सोधिएका नेपाली विषयको प्रश्नपत्रहरूको अध्ययन रहेका छन् । उक्त पूर्वकार्यहरूमा सङ्कलित प्रश्नपत्रहरूका मूल्याङ्कन तथा सैद्धान्तिक विश्लेषण गर्नुका साथै प्रश्न निर्माणमा देखा परेका कमिकमजोरीहरूको पहिचान गर्दै सुझावसमेत पेश गरिएका भएतापनि एस.इ.इ. परीक्षा २०७५ सालको नेपाली भाषाको प्रश्नपत्रमाथि चाहिँ सुक्ष्म अध्ययन विश्लेषण गरेको देखिदैन । उक्त पूर्वकार्यहरूको तुलनात्मक रूपमा मूल्याङ्न गरिएकाले यस अध्ययनका लागि ज्यादै उपयोगी रहेका छन् ।

माथि उल्लिखित विविध सन्दर्भका आधारमा तयार पारिएका पूर्वकार्यहरूले शोधलाई आधारभूत सैद्धान्तिक पृष्ठभूमि प्रदान गरेको छ । पूर्वकार्यहरूको विश्लेषणले शोधार्थीहरूलाई अनुसन्धेय विषयका बारेमा प्रारूप निर्माण गर्न, समस्याचयन, उद्देश्य निर्धारण, अध्ययनको संरचना, सामग्री विश्लेषण लगायतका निम्ति विशेष उपयोगी देखिन्छ । पूर्वकार्यका सुझावहरूले अध्ययनका लागि मार्गदर्शन प्रदान गर्न, सम्बन्धित त्रुटिबाट जोगिन तथा अध्ययनका लागि उपयुक्त तरिका अपनाउन सहयोग गरको छ । पूर्वकार्यहरूले अनुसन्धानकर्तालाई आवश्यक सन्दर्भ सामग्रीको खोजी गरी सन्दर्भ स्रोतहरू जुटाउन मद्दत गरको छ ।

## २.३ सैद्धान्तिक/धारणात्मक संरचना

प्रस्तुत शोध शीर्षकको अध्ययन आन्तरिक र बाह्य आधारका सिद्धान्तमा आधारित रहेर अध्ययन पूरा गरिएको छ । प्रस्तुत अनुसन्धानमा समान्यतया द्वितियक सामग्री सङ्कलन गरी पुस्तकालयीय, वर्णनात्मक, विश्लषणात्मक र निगमन कार्यको प्रयोग गरी अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गर्दै प्रश्नपत्रको वैद्य र विश्वासनीयताको पनि अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा रबर्ट मेगरको वर्णनात्मक सिद्धान्त र हिल्डाटावाको विश्लेषणात्मक सिद्धान्तमा केन्द्रीत भई निर्देशनका आधार, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप आदिका आधारमा आधारित रही प्रश्नमा भएका कमी कमजोरीहरूको पहिचान गरी अध्ययनको निष्कर्ष निकाली यो अनुसन्धान कार्य पूरा गरिएको छ ।

## अध्याय तीन
## अध्ययनको प्रक्रिया/विधि

### ३.१ अध्ययनको संरचना

प्रस्तुत अध्ययनको शीर्षक **'एस.इ.इ. परीक्षा २०७५ सालको प्रदेश नं. २ को नेपाली भाषाको प्रश्नपत्रको विश्लेषण'** रहेको छ । यो अनुसन्धान खासगरी वर्णनात्मक, विश्लेषणात्मक तथा निगमन विधिको प्रयोग गरी अध्ययन गरिएको छ । यस अध्ययनमा एस.इ.इ. परीक्षा २०७५ सालको प्रदेश नं. २ को प्रश्नपत्रको अवस्थाका बारेमा प्रकाश पारिएको छ भने विशिष्टीकरण तालिका, वैद्यता र विश्वसनीयताका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गरिएको छ । मूलतः सामग्री सङ्कलन गरी आन्तरिक र बाह्य आधार अन्तर्गत विशिष्टीकरण तालिका, विश्वसनीय वैद्यता तथा पाठ्यक्रमका आधरामा प्रश्नपत्रको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको हुने छ । यस शोधकार्यका लागि आवश्यकताअनुसार मूल्याङ्कनका विधिहरूको पनि उपयोग गरिएको छ । यस शोधकार्यका लागि नमुना अध्ययनको क्षेत्र एस.इ.इ. परीक्षा २०७५ सालको प्रदेश नं. २ को नेपाली विषयको प्रश्नपत्र नै रहेको छ ।

### ३.२ जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययनको जनसङ्ख्याका रूपमा एस.इ.इ. परीक्षा २०७५ सालको प्रदेश नं. दुईमा सोधिएका नेपाली विषयको १ सेट प्रश्नपत्रलाई नै यहाँ जनसङ्ख्या तथा नमुना मानिएको छ ।

### ३.३ नमूना छनोट प्रक्रिया

अनुसन्धान कार्यका लागि लिइने नमुना भन्नाले प्रतिनिधिमुलक वस्तु, सामग्री वा जनसङ्ख्याको एकाइ वा अंश नै नमूना हो । सम्पूर्ण वस्तु, सामग्री वा जनसङ्ख्यालाई लिएर व्यवस्थित ढङ्गले अध्ययन गर्न अप्ठ्यारो पर्ने र उक्त अध्ययन वैज्ञानिक पनि नहुने भएकाले नमूना छनोटको निश्चित पद्धति अँगालिएको छ । यस किसिमको नमूनाका आधारमा गरिने अनुसन्धानबाट प्राप्त निष्कर्ष समग्रमा व्यवस्थित र उपयुक्त मानिन्छ । प्रस्तुत अनुसन्धानमा

मूलतः पुस्तकालयीय कार्यको प्रयोग गरी नमूनाका रूपमा एस.इ.इ. परीक्षा २०७५ सालको प्रदेश नं. २ को नेपाली विषयको पत्र प्रश्नपत्रलाई लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत शोधकार्यमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा एस.इ.इ. परीक्षा २०७५ सालको प्रदेश नं. २ को नेपाली विषयको प्रश्नपत्र रहेको छ । उक्त प्रश्नपत्रलाई यस शोधको परिशिष्टमा समावेश गरिएको छ । त्यसैगरी द्वितीयक स्रोतका रूपमा सम्बन्धित विषय क्षेत्रका पूर्व शोधपत्र, परीक्षा, मापन, मूल्याङ्कन, विश्लेषण सम्बन्धी पुस्तकहरू, पाठ्यक्रम, विशिष्टीकरण तालिका, विभिन्न पुस्तकहरू, पत्रपत्रिका, प्रतिवेदनहरू, शोधसारहरू, अन्य प्रश्नपत्रहरू, विषय विशेषज्ञहरूको सल्लाह सुझाव आदिलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलन प्रक्रिया मध्ये मूख्य रूपमा पुस्तकालयीय कार्यलाई लिइएको छ । यो अनुसन्धान अभिलेखपरक अनुसन्धान भएकाले गोपनीयता, विश्वासनीयता र आधिकारिकतालाई ध्यानमा राखी एस.इ.इ. परीक्षा सञ्चालनको जिम्मेवारी प्राप्त निकाय सानोठिमी भक्तपुरबाट २०७५ सालको एस.इ.इ. परीक्षाको नेपाली विषयका प्रश्नपत्रहरू सङ्कलन गरी आवश्यकता अनुरूप विभिन्न सामग्रीहरू जम्मा गरी नेपाली विषयका शिक्षकहरू शोधकार्य पूरा गरेका अग्रजहरूको सल्लाह, सुझाव र अन्य पाठ्यपुस्तकहरूको अध्ययन गरी थप सामग्रीहरूको सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या

कुनै पनि अनुन्धान कार्यका लागि तथ्याङ्क सङ्कलन गरिसकेपछि ती सूचना वा तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययनमा वर्णनात्मक, विश्लेषणात्मक विधि साथै आगमन विधिको पनि प्रयोग गरिएको छ । कुनै पनि तथ्याङ्कलाईराम्रो, नराम्रो भन्ने आधार भनेको मूल्याङ्कन नै हो । प्रस्तुत शोधका लागि मूल्याङ्कनका लागि दुईवटा आधारहरू लिई विश्लेषण र व्याख्या गरिएको छ । शोध शिर्षक नै मूल्याङ्नसँग सम्बन्धित नभएकाले सो शिर्षक अध्ययन विश्लेषणका लागि अपनाइएका

सैद्धान्तिक आधार नै मूल्याङ्न प्रक्रिया हो । प्रस्तुत शोधमा एस.इ.इ. परीक्षा २०७५ सालको प्रदेश नं. २ मा नेपाली भाषाको प्रश्नपत्रको अध्ययन तालिका बनाएर तालिकाको आधारमा गरिएको छ । मूल्याङ्न नै शैक्षिक कार्यक्रमलाई व्यवस्थित ढङ्गले जाँच गर्ने प्रक्रिया भएकाले शैक्षिक उद्देश्यहरू वास्तविक रूपमा कुन हदसम्म प्राप्त भयो भनी किटान गर्न, कुनै वस्तुको मूल्य र महत्त्व निर्धारण गरी राम्रो र नराम्रो किटान गर्न सैद्धान्तिक आधार भएकाले मूल्याङ्न पद्धतिलाई अवलम्बन गरिएको छ । अध्ययन विश्लेषणका क्रममा प्रतिनिधि प्रश्नपत्रलाई उदाहरणका रूपमा राख्न शुद्धाशुद्धी, हुबहु जस्ताको तेस्तै उतार गर्ने प्रक्रिया अपनाइएको छ ।

प्रश्नपत्रहरूलाई आन्तरिक र बाह्य आधारमा विश्लेषण गर्दा आन्तरिक आधारलाई २ तहमा राखेर प्रष्टसँग विश्लेषण गरिएको छ । यसो भन्नाले शब्द भण्डार, वर्ण विन्यास, भाषा व्याकरण, प्रश्नशैली, रूचिपूर्णता, विधा समिप्यता, स्तरण आदिलाई लिइएको छ । त्यसै गरेर बाह्य आधारमा भौतिक विश्लेषण, प्रश्न संयोजन, सम्पादन, लेखन, अक्षर फन्ट स्पेस, चिन्ह, पृष्ठ सङ्ख्या, प्रश्नपत्रको आकार, कागजको स्तर आदिलाई हेलिएको छ । सानो गल्तीले विद्यार्थीले दिने उत्तरमा प्रभाव पर्ने हुँदा प्रश्न निर्माण गर्दा गम्भीर र सचेत रही प्रश्न निर्माणको बाह्य अवयवको तालमेल, निर्देशन, अङ्क विभाजन, समय निर्धारण, छपाइ सम्बन्धी त्रुटिमा सचेत भए नभएको अध्ययन गरिएको छ ।

# अध्याय चार

## नतिजा/परिणाम र छलफल

### ४.१ नतिजा/परिणाम

एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका प्रश्नपत्रको अध्ययन विश्लेषण गर्दा निम्न विभिन्न आधारबाट नतिजा/परिणाम प्राप्त भएको छ ।

### ४.१.१ प्रश्नहरूको आन्तरिक आधारमा अध्ययन

कुनै पनि प्रश्नको उद्देश्य, प्रक्रियागत प्रभावकारिता, स्तरयुक्तता तथा वैषपिक उपयुक्ताको लेखाजोखा प्रश्नपत्रको आन्तरिक बनोटको अध्ययनबाट निर्क्योल गर्न सकिन्छ । स्वस्थ र असल प्रश्नपत्र निर्माण गर्नका लागि आन्तरिक पक्षको महत्त्व रहेको हुन्छ । प्रश्नहरूलाई स्तरीय, वैध, विश्वासनीय र उद्देश्यपूर्ण बनाउनका लागि आन्तरिक पक्षले सबैभन्दा ठूलो भूमिका निर्वाह गरेको हुन्छ । प्रश्न निर्माणको बाह्य पक्षले आन्तरिक पक्षलाई केही हदसम्म प्रभाव पार्ने भएपनि उत्कृष्ट प्रश्न निर्माणका लागि आन्तरिक पक्ष नै अनिवार्य तत्त्व मानिन्छ । प्रश्नको आन्तरिक पक्षले त्यसको वास्तविक गुण र स्तर निर्धारण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस पक्षलाई अध्ययन तथा विश्लेषपणको अनिवार्य र महत्त्वपूर्ण पक्ष मानिन्छ ।

प्रश्नहरूको आन्तरिक पक्षको अध्ययनबाट परीक्षणीय प्रभावकारिता, उपयुक्तताको निर्क्योल गरी प्रश्नहरूको औचित्य रहे नरहेको तथा भाषिक परीक्षणका प्रश्न निर्माणमा हुन सक्ने सम्भावित त्रुटिका क्षत्रहरू पहिचान गरी उक्त त्रुटिहरू हटाउने सुझावसमेत प्राश्निक र उत्तरपुस्तक परीक्षकलाई हुने गर्दछ (मल्ल, २०७०:४३) । प्रश्नहरूको प्रभावकारिता, उद्देश्यपरकता, स्तरयुक्तता, देश परिस्थिति अनुकूलता, समय अनुकूलता, भाषिक सिप आदिको लेखाजोखा गर्ने कार्य प्रश्नको आन्तरिक पक्षको अध्ययन गरेर मात्र सम्भव हुन्छ । प्रतिनिधि प्रश्नपत्रको निम्नानुसार गहन र विश्लेषणात्मक रूपबाट विभिन्न आधारमा अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ ।

#### ४.१.१.१ पाठ्यक्रम अनुरूपताका आधारमा

शिक्षाका उद्देश्य परिपूर्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम नै पाठ्यक्रम हो । भाषा पाठ्यक्रम भन्नाले विद्यार्थीमा भाषिक सिपको दक्षता हासिल गराउने उद्देश्यले बनाइएको शैक्षिक आधार हो । प्रश्नले मूल्याङ्कनका साथै पाठ्यक्रमको उद्देश्य, विधा र

क्षेत्र, अङ्क निर्धारणलाई ख्याल गर्न नसकेमा सम्पूर्ण शैक्षिक प्रक्रिया नैअन्योलमा पर्ने हुन्छ । पाठ्यक्रम अनुरूपताका दृष्टिले विषयवस्तु तथा भाषिक सिप परीक्षण, विषयवस्तुको सीमा र अङ्क विभाजन समय निर्धारण आदि उपआधारलाई यहाँ केलाएर हेर्ने प्रयत्न गरिएको छ ।

(क) विषयवस्तु वा विधागत उद्देश्य प्रश्न

(अ) व्याकरणात्मक सिप परीक्षण

१. व्याकरणात्मक प्रश्न (प्रश्न नं. ५, ६, ७, ८ र ९)

२. शब्द भण्डारगत प्रश्न (प्रश्न नं. १ र २)

३. वाक्य निर्माणसम्बन्धी प्रश्न (प्रश्न नं. ३)

४. हिज्जे, वर्णविन्यास, लेख्य चिन्ह सम्बन्धी प्रश्न (प्रश्न नं. ४)

(आ) बाध र अभिव्यक्ति परीक्षण

१. कथा, निबन्ध, जीवनी, कविता, चिठी, वक्तृता, संवाद सम्बन्धी प्रश्न (प्रश्न नं. १० देखि १८ सम्म)

(इ) विषयवस्तु तथा भाषिक सिप परीक्षण

१. पढाइ सिप परीक्षणका लागि

(क) पाठगत प्रश्नहरू (प्रश्न नं. १०, ११, १२, १४, १५ र १६)

(ख) बोध प्रश्नहरू (प्रश्न नं. १०, ११, १२)

२. लेखाइ सिप परीक्षणका लागि

(क) निबन्ध (प्रश्न नं. १४, १८)

(ख) कथा (प्रश्न नं. १५क)

(ग) जीवनी (प्रश्न नं. १०, १२, १५ र १७ ख)

(घ) संवाद, वादविवाद, मनोवाद (प्रश्न नं. १३ ख र १६)

३. पढाइ र लेखाइ दुवै सिप परीक्षणका लागि

(क) सारांश लेखन प्रश्न (प्रश्न नं. १२)

(ख) व्याख्यात्मक प्रश्न (प्रश्न नं. १४)

(ग) सङ्क्षिप्त प्रश्न (प्रश्न नं. १५, १६)

(घ) विवेचनात्मक प्रश्न (प्रश्न नं. १७, १८)

माथि उल्लेखित निर्णयात्मक वा आवधिक परीक्षाका प्रश्नहरू बाहेक कक्षामा आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्न गर्नुपर्ने हुँदा तिनलाई प्रश्नपत्रमा

राखिएको छैन । यसरी माथिका प्रश्नपत्रको अध्ययन गर्दा विभिन्न विधागत र विषयवस्तुगत उद्देश्य अनुरूप नै प्रश्नहरू राखिएको देखिन्छ

**(ख)विषयवस्तुको सीमा र अङ्क विभाजन**

नेपाली विषयका लागि माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ ले वितरण गरेका विधा र विषयवस्तुहरूलाई एस.इ.इ. २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका प्रश्नपत्रले प्रतिनिधित्व गरेका छन् । प्रश्नपत्रले पाठ्यक्रम २०७१ र विशिष्टीकरण लालिका (२०७५) को सीमा भित्र रहि प्रश्न निर्माण भएको देखिन्छ । त्यसैले एस इ.इ. २०७५ सालमा प्रदेश नं. २ मा साधिएका प्रश्नपत्र दोषरहित छन् । सामान्यतया नेपाली भाषा विषयका १० ओटा क्षेत्रहरू र १० ओटा विधाहरूलाई आधार मानी प्रश्नपत्र निर्मित छन् ।

तालिका नं. १

विषयवस्तुको सीमा र अङ्क विभाजन

| क.सं. | क्षेत्र | विधा | अङ्कभार |
|---|---|---|---|
| १. | शब्द भण्डार | शब्दार्थ, शब्द पहिचान र वाक्यमा प्रयोग | ६ |
| २. | वर्णविन्यास | शुद्धिकरण | ३ |
| ३. | व्याकरण | पहिचान र प्रयोग (वाक्य कोटि अनुसारको रचना) | १५ |
| ४. | पठन बोध | विभिन्न विधाका गद्य सामग्री | १० |
| ५. | बुँदा टिपोट र सारांश | गद्य विधा | २+३ |
| ६. | निर्देशित रचना | कथा/जीवनी/एकाङ्की/मनोवाद/वाद विवाद/चिठी | ४ |
| ७. | व्याख्या/सप्रसङ्ग व्याख्या | कथा/कविता/जीवनी/निबन्ध | ४ |
| ८. | सङ्क्षिप्त उत्तर | कथा/कविता/जीवनी/प्रबन्ध/निबन्ध | १२ |
| ९. | विवेचनात्मक उत्तर (लामो उत्तर) | कथा/कविता/जीवनी/प्रबन्ध/निबन्ध | ८ |
| १०. | सिर्जनात्मक रचना | निबन्ध (अदृष्टांश) | ८ |
| | **जम्मा** | | **७५** |

स्रोतः माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७१:४०-४१

विषयवस्तुको सीमा र अङ्क विभाजनका क्रममा शब्दभण्डार क्षेत्रको शब्दार्थ अन्तर्गत एकातर्फ 'क' ४ वटा शब्दहरू राखी अर्कोतर्फ समूह 'ख' मा ६ वटा अर्थहरू दिइएको पाइयो र प्रत्येक शब्दार्थ अर्थ मिलेमा ०.५ अङ्क प्राप्त गर्ने देखियो । त्यसैगरी शब्द पहिचान अन्तर्गत ४ वटा प्रश्न राखी सङ्केत बमोजिम खाली ठाउँ भर्न लगाइएको

पाइयो । प्रत्येक प्रश्नको ०.५ अङ्क निर्धारण गरेको पाइयो । वाक्य प्रयोगमा उखान, टुक्का, अनुकरणात्मक प्राविधिक/पारिभाषिक मध्येबाट २ ओटा दिई वाक्यमा प्रयोग गर्न लगाइ २ अङ्क निर्धारण गरेको पाइयो । वर्णविन्यास अन्तर्गत वाक्यलाई शुद्ध पार्ने र शुद्ध शब्द छान्ने गरेर जम्मा ३ अङ्क निर्धारण गरिएको स्वभाविक नै देखियो । व्याकरण तर्फ विशिष्टीकरण तालिकाअनुसार नै १५ अङ्कलाई व्याकरणका ५ वटा पक्षहरू शब्द वर्गलाई ३, शब्द निर्माणलाई ३, काल र पक्षलाई २, वाक्य परिवर्तनलाई ४ र स्वतन्त्र वाक्य रचनालाई ३ अङ्क छुट्याइएको पाइयो ।

बोधतर्फ अनुच्छेद दिई दृष्टांश र अदृष्टांश गरी ५/५ वटा प्रश्नहरू राखी प्रत्येक प्रश्नलाई १ अङ्क राखी जम्मा १० अङ्कभार राखिएको र सारांश लेखलाई ५ अङ्क राखिएको पाइयो । निर्देशित रचना तर्फ दुई वटा प्रश्न सोधेर कुनै एक प्रश्नको उत्तर लेख्नुपर्ने जसलाई ४ अङ्क दिनु उचित नै देखिन्छ । व्याख्या/सप्रसङ्गलाई ४ सङ्क्षिप्त उत्तरात्मकलाई १२, विवेचनात्मक उत्तर ८ र सिर्जनात्मक रचना ८ गरी जम्मा ७५ अङ्कभार निर्धारण गरेको र २५ अङ्क प्रयोगात्मक कार्य सुनाइ र बोलाइ गरी दुई क्षेत्रलाई अङ्कभार छुट्याएको देखियो ।

माथिको तालिकाको आधारमा प्रश्नहरूको अध्ययन विश्लेषण गर्दा प्रश्न र अङ्कभार पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुरूप नै भएकाले क्षेत्र र विधाको अङ्कभारले प्रश्नसँग उपयुक्त सन्तुलन कायम गरेको देखिन्छ ।

**(ग) समय निर्धारण**

कुनै पनि प्रश्नपत्रमा समय निर्धारण अति आवश्यक मानिन्छ । प्रश्नको प्रकृति, कठिनाई, स्तर, अत्तरका आकार आदि कुराका आधारमा समय निर्धारण गर्नुपर्ने हुन्छ । विशिष्टीकरण तालिकाको आधारमा तुलनात्मक अध्ययन गर्दा प्रश्नपत्रमा समयलाई मिनटमा प्रश्न अनुरूप वितरण गरिएको छैन प्रश्नको लम्बाइअनुसार विद्यार्थी स्वयंले समयको सन्तुलन मिलाउनु पर्ने देखिन्छ । प्रश्न पत्रमा समय २ घण्टा १५ मिनेट भनी तोकिएको छ । विशिष्टीकरण तालिकामा प्रश्नपिच्छे समय तोकिएको छ तर प्रश्नपत्रमा भने प्रश्नपिच्छे तोकेको छैन । यसो गर्दा विद्यार्थीहरू समयको अन्योलमा पर्दछन् । त्यसैले समय निर्धारणको स्थिति त्यति राम्रो देखिदैन, अर्थात समयको विशिष्टीकरण राम्ररी गरिएको छैन ।

### ४.१.१.२ विशिष्टीकरण तालिकाका आधारमा

विशिष्टीकरण तालिकाको आधारमा आधारमा एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. दुईमा सोधिएका प्रश्नपत्रको अध्ययन गर्दा प्रत्येक प्रश्नको समयको विभाजन गरिएको भने देखिँदैन । विशिष्टीकरण तालिकामा प्रश्नपिच्छे समय तोकिएको छ तर प्रश्नपत्रमा भने २ घण्टा १५ मिनेट समय निर्धारण गरिएको छ । व्यावहारिक रूपमा भने यसलाई सामान्य मान्न सकिन्छ, तर सन्तुलनका हिसाबले त्यति राम्रो देखिँदैन । विशिष्टीकरण तालिकामा तोकिएअनुसार विधा र अङ्कभार अनुसार प्रश्नपत्र निर्माण भएको देखिन्छ । यसरी हेर्दा यहाँ कक्षा १० को विशिष्टीकरण तालिकालाई आधार बनाएर प्रश्नपत्र निर्माण गरिएको छ ।

### ४.१.१.२.१ प्रश्नपत्रमा प्रश्नहरूको क्रमिकता

तालिका नं. १ मा उल्लेख भएको प्रश्नहरूको क्रमअनुसार नै प्रश्नहरूको क्रमिकता प्रश्नपत्रमा पाइन्छ । पाठ्यक्रम र विशिष्टीकरण तालिकामा देखाइएको प्रश्नहरूको क्रमिकतालाई जस्ताको तस्तै अनुसरण गरी प्रश्न निर्माण गरेको देखिन्छ । अन्तिममा लामा प्रश्न राख्दा प्रश्न नं. १ देखि नै उत्तर दिन चाहने विद्यार्थीहरूलाई पछाडि समय नपुग्न सक्ने खतरा त हुन्छ नै । यो परीक्षार्थीहरू सबैले अनुभव गरेको कुरा हो । जानेर पनि अभावमा बढी अङ्क आउने प्रश्न छुट्ने डरले विद्यार्थीहरू चिन्तित रहने स्थितिको सिर्जना भित्रभित्रैको अवस्था रहे तापनि विशिष्टीकरण तालिकाअनुसार नै शिक्षण र मूल्याङ्कनमा सरलबाट जटिलतिर सुत्रअनुसार प्रश्नहरूको क्रमिकता राखिएको सुहाउँदो र उपयुक्त देखिन्छ ।

### ४.१.१.३ भाषिक सिप पक्षहरूको परीक्षणका आधारमा

भाषा शिक्षण भनेको भाषा बारेको शिक्षण नभई भाषिक सिपहरूको शिक्षण हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सिप हुन् । सुनाइ सिप कमजोर भएको खण्डमा त्यसको असर बोलाइ, पढाइ र लेखाइमा समेत पर्न गई ती सिपहरू पनि कमजोर हुन्छ । एउटा सिपको प्रभाव अर्को सिपमा पर्न जाने भनी प्रत्येक सिप पृथक रूपमा अस्तित्त्ववान हुन नसक्ने भएकाले भाषाका सिपहरू एक आपसमा अन्तर्सम्बन्धित र अन्योन्याश्रित हुन्छन् (शर्मा, पौडेल, २०७३:९३) । भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सिप प्रमुख हुन्छन् । परम्परागत दृष्टिमा मूल्याङ्कन कार्य केवल लेखाइबाट मात्र हुने गरेको र अन्य तीन पक्षलाई उपेक्षा गरिएको थियो तर हाल वर्तमान स्थितिमा भाषाका चारै वटा

सिपलाई (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) तहगत आधारमा मूल्याङ्कन गर्ने कार्य कार्यान्वयन भइसकेको छ । सामानयतया तल्लो तहमा सुनाइ र बोलाइलाई विशेष ध्यान दिई माथिल्लो तहमा पढाइ र लेखाइलाई बढी अङ्कभार दिई समय पनि त्यसरी नै बाडिएको पाइन्छ । भाषा शिक्षणमा विषयवस्तुलाई भन्दा विद्यार्थीमा भाषिक सिपको विकास भए नभएको मूल्याङ्कन गरिन्छ । माध्यमिक शिक्षा पाठ्यक्रमअनुसार माध्यमिक तहमा पढाइ र लेखाइ सिप बढी प्रभावकारी हुने र भाषाका सुनाइ, बोलाइ, उच्चारण, वाचन जस्ता सिपहरूको मूल्याङ्कन कक्षा शिक्षणकै क्रममा शिक्षकले निर्माणात्मक मूल्याङ्कन अन्तर्गत गर्नु पर्दछ भनिएको छ । भाषिक सिपका पक्ष अन्तर्गत पढाइ, लेखाइ सिप, शब्द भण्डार क्षमता, वर्ण विन्यास जस्ता व्याकरणात्मक सिप परीक्षण पर्दछन् । यस्ता भाषिक सिपहरूको संयोजन र सन्तुलन एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. दुईमा सोधिएका नेपाली भाषाको प्रश्नपत्रमा निम्नानुसार गरिएको छ ।

### (क) विशुद्ध पढाइ सिप परीक्षण र अङ्कभार

माध्यमिक शिक्षा पाठ्यक्रमले विशुद्ध पढाइ सिपको परीक्षण गर्न पाठगत विभिन्न विधाहरू समावेश गरेको छ । पढाइ सिप लेख्य सामग्री उच्चारण गर्न मात्र नभइ उच्चारित सामग्रीबाट अर्थ बोध गर्ने तथा लिपिबद्ध ज्ञान एवं सूचनालाई मस्तिष्कमा सङ्गठित गर्ने क्षमता पनि हो । परीक्षणीय दृष्टिले भाषिक सिप मध्येको प्रमुख एक सिप पढाइ सिप पनि हो । प्रतिनिधि प्रश्नमा पढाइ सिपको परीक्षण गर्ने पाठगत र पठनबोध प्रश्नहरू रहेका हुन् जसको अध्ययन निम्नलिखित तालिकाबाट गर्न सकिन्छ:

तालिका नं. २

विशुद्ध पढाइ सिप परीक्षण

| क्र.सं. | पूर्णाङ्क | उत्तीर्णाङ्क | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | | | | पठनबोध | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज.प्र | उदिप्र | अभा | जअभा | जप्र | उदिप्र | अभा | जअभा | प्रस | अ.भा |
| १. | ७५ | २७ | ४ | ३ | ४ | १२ | २ | २ | ५ | १० | ६ | २२ |

माथिको तालिका सम्बन्धित विशिष्टीकरण तालिका अनुरूप पढाइ सिपको परीक्षण गर्न खास गरेर प्रश्न नं. १५ र १६ अध्ययन गर्दा माथि दिइएको अङ्कभार उही देखिन्छ । प्रश्न नं. १५ मा १ विकल्प सहित तीन वटा प्रश्नहरू समावेश गरेको छ । जसको प्रति प्रश्न अङ्कभार ४ रहेको छ । पहिलो प्रश्नमा कथांश पढी त्यसका आधारमा उत्तर दिनुपर्ने त्यसैगरी दोस्रो

प्रश्नमा कवितांश पढी त्यसका आधारमा प्रश्नको उत्तर दिनुपर्ने र तेश्रो प्रश्नमा जीवनीको अंश पढी सोहीअनुसार उत्तर दिनुपर्ने देखिन्छ । जसमध्ये २ वटा प्रश्नको उत्तर अनिवार्य दिनुपर्ने हुन्छ । त्यसैगरी प्रश्न नं. १६ मा पाठ्यपुस्तक भित्रबाट कथा, जीवनी, प्रबन्ध । निबन्धको कुनै सन्दर्भ दिइ आफ्नो विचारले तर्क दिनुपर्ने समस्या समाधान गर्ने खालको प्रश्न राखेको देखिन्छ । जसको अङ्कभार रहेको छ ४ ।

प्रश्न निर्माणका दृष्टिले हेर्दा प्रस्तुत तालिकामा प्रतिनिधि प्रश्नपत्रमा एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं.दुईमा सोधिएका नेपाली विषयको प्रश्नहरूमध्ये सङ्क्षिप्त उत्तरात्मक प्रश्न ४ ओटा र पाठगत प्रश्न २ ओटा गरी जम्मा ६ ओटा र उत्तर दिनुपर्ने प्रश्न चाहिँ निर्देशनअनुसार ५ ओटा रहेको उपयुक्त नै देखिन्छ ।

**(ख) विशुद्ध लेखाइ सिप परीक्षण र अङ्कभार**

लेखाइ सिप भनेको कुनै पनि तथ्य कुरालाई लिखित रचनाका माध्यमबाट स्पष्ट अभिव्यक्ति गर्नु हो । विशुद्ध लेखाइसिप परीक्षण गर्न नियन्त्रित रचना अन्तर्गत कथा, जीवनी लेखन र स्वतन्त्र रचना अन्तर्गत निबन्ध, चिठी, वादविवाद, संवाद लेखन सम्बन्धी प्रश्न तथा निश्चित बुँदाहरू दिई सोही आधारमा कथा जीवनी लेखनसमेत लेखाइ सिप अन्तर्गत पर्दछन् । पाठ्यक्रम तथा पाठ्यपुस्तकमा राखिएका निबन्ध, प्रबन्ध, चिठी, दैनिकी, कथा, जीवनी आदि विधाबाट पढाइ सिपको उद्देश्य राखिएतापनि उक्त विधाहरूको मुख्य प्रयोग चाहिँ लेखाइ सिपको विकास गराउनु हो ।

विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको अध्ययन गर्दा विशुद्ध लेखाइ सिप परीक्षणका लागि प्रश्न नं. १३ मा एक विकल्प सहित २ ओटा प्रश्न दिइएको छ । जसमध्येबाट विद्यार्थीहरूले कुनै एक प्रश्नको उत्तर दिनुपर्ने हुन्छ । प्रश्नको अङ्कभार भने ४ अङ्क राखिएको छ । पहिलो नम्बरको प्रश्न निर्देशित रचना अन्तर्गत दिइएका बुँदाहरूका आधारमा कथा लेखी शीर्षक दिनुपर्ने र 'ख' मा दिइएको विषयको पक्षमा आफ्नो तर्क दिनुपर्ने स्वतन्त्र रचना अन्तर्गत बादविवाद विधाबाट प्रश्न निर्माण गरेको देखिन्छ । यसरी हेर्दा विशुद्ध लेखाइ सिपको परीक्षणका लागि जम्मा ४ अङ्कभार मात्र छुट्याएको देखिन्छ भने लेखाइ सिपका अन्य पक्षहरूलाई पाठ्यक्रम र विशिष्टीकरण तालिम तथा प्रश्न निर्माणकर्ता समेतले समेट्न नसकेको जस्तो देखिन्छ ।

### (ग) पढाइ लेखाइ एकीकृत सिप परीक्षण र अङ्कभार

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा विशुद्ध पढाइ सिप र विशुद्ध लखाइ सिप अतिरिक्त पढाइ र लेखाइ सिपको एकीकृत परीक्षण हुने किसिमका प्रश्नहरू पनि प्रतिनिधि प्रश्नहरूमा देखिएको छ। जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३

पढाइ लेखाइ एकीकृत सिप परीक्षण र अङ्कभार

| पूर्णाङ्क | उत्तीर्णाङ्क | लामो उत्तरात्मक प्रश्न | | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | | सारांश लेखन | | सप्रसङ्ग व्याख्यात्मक प्रश्न | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र.सं | अभा | प्रस | अभा | प्र.सं | अ.भा | प्र.सं | अ.भा | प्र.सं | अ.भा |
| ७५ | २७ | २ | ८ | ४ | १२ | १ | ५ | २ | ४ | ९ | २९ |

माथिको तालिकाका आधारमा एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका नेपाली भाषाको प्रश्नपत्रको अध्ययन गर्दा लामो उत्तरात्मक प्रश्नका निम्ति एक विकल्प सहित ८ अङ्कभार दिइएको, सङ्क्षिप्त उत्तरात्मक प्रश्नका निम्ति विकल्प सहित १२ अङ्कभार, सारांश लेखनका निम्ति प्रश्न सङ्ख्या १ र अङ्कभार ५ छुट्याइएको र सप्रङ्ग/व्याख्यात्मक प्रश्नका निम्ति विकल्प सहित ४ अङ्कभार छुट्याएको देखिन्छ। पढाइ लेखाइ एकीकृत सिप परीक्षणका लागि जम्मा २९ अङ्कभार छुट्याएको हेर्दा प्रश्नहरूमा एकीकृत सिपको सन्तुलन मिलाइएको छ।

### (घ) भाषातत्त्व सिप परीक्षण र अङ्क निर्धारण

भाषातत्त्व वा व्याकरणात्मक सिप भन्नाले सैद्धान्तिक ज्ञानलाई भन्दा भाषिक शुद्धता सम्बन्धी प्रयोगलाई जोड दिने सिप बुझिन्छ। भाषालाई ठीक, बेठिक, शुद्ध अशुद्धको ज्ञान गराउने शास्त्रलाई नै व्याकरण भनिने हुँदा यो प्रयोग पक्षीय हुनु जरूरी हुन्छ। माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१) मा २०७५ सालको एस.इ.इ. परीक्षाका निम्ति व्याकरण क्षेत्र अन्तर्गत ६ ओटा पक्षहरूलाई समावेश गरेको छ। जसको अङ्कभार १५ कायम गरिएकोछ। सुनाइ बोलाइका लागि व्याकरणीक सिप परीक्षण कक्षागत सिकाइका अङ्का रूपमा लिइएको छ। एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका नेपाली भाषाको प्रश्नपत्रको अध्ययन गर्दा शब्द भण्डार र वर्ण विन्यासलाई बेग्लै क्षेत्र र विधामा राखि प्रश्न निर्माण गरिएको छ। शब्दवर्गलाई ३ अङ्क, शब्द निर्माण र समास र विग्रहलाई ३ अङ्क,

कारक विभक्ति, काल, पक्ष र भावलाई २ अङ्क, वाक्य परिर्वनलाई ४ अङ्क र स्वतन्त्र वाक्य रचनालाई ३ अङ्क छुट्याएको छ । पाठ्यक्रम र विशिष्टीकरण तालिकाका आधारसँग भाषातत्त्व सिप परीक्षणका निम्ति प्रश्न संयोजनमा सन्तुलन राम्रो भएको पाइन्छ।

**(ङ) शब्दभण्डार क्षमता र परीक्षण**

शब्दभण्डार क्षमता भित्र विशिष्टीकरण तालिकाले निर्देशन गरेअनुसार अर्थ लेखन, शब्द पहिचान र वाक्यमा प्रयोगलाई समावेश गरिएको साथै पर्यायवाची शब्द अनेकार्थी शब्द, विपरीतार्थी शब्द, श्रुतिसमभिन्नार्थी शब्द त्यसैगरी उखान, टुक्का, निपात, अनुकरणात्मक शब्द र परिभाषिक शब्दको ज्ञान गराउने गरी निम्न तालिकाअनुसार गरिएको छ :-

तालिका नं. ४

शब्दभण्डार क्षमता र परीक्षण

| | | |
|---|---|---|
| अर्थ पहिचान | प्रसं. | १ |
| | अङ्कभार | २ |
| अनेकार्थी | प्रसं. | १ |
| | अङ्कभार | ०.५ |
| पर्यायवाची | प्रसं. | १ |
| | अङ्कभार | ०.५ |
| श्रुतिसमभिन्नार्थी | प्रसं. | १ |
| | अङ्कभार | ०.५ |
| विपरीतार्थी | प्रसं. | १ |
| | अङ्कभार | ०.५ |
| उखान, टुक्का | प्रसं. | १ |
| | अङ्कभार | २ |
| जम्मा अङ्कभार | | ६ |

उपर्युक्त तालिकाअनुसार एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा नेपाली विषयको सोधिएको प्रश्नपत्रको अध्ययन गर्दा उक्त प्रश्नपत्रमा शब्दभण्डार क्षमताको परीक्षण गर्न प्रश्न नं. १ मा समूह 'क' मा चार ओटा शब्द दिई समूह 'ख' बाट पहिचान गरी लख्नुहोस्

भनी ६ ओटा अर्थहरू दिइएको छ । जसको अङ्करभार प्रतिप्रश्न ०.५ का दरले २ निर्धारण गरेको छ । त्यसपछि प्रश्न नं. २ मा खाली ठाउँमा उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् भनी वाक्यभित्र एक ठाउँ खाली ठाउँ दिई वाक्यको अन्त्यमा कोष्ठक भित्र तीन-तीन ओटा शब्दहरू दिइएको पाइन्छ । जसभित्र पर्यायवाची शब्द, विपरीतार्थी-शब्द, अनेकार्थी शब्द र श्रुतिसमभिन्नार्थी शब्दहरू छुट्याइ भर्नुपर्ने ४ ओटा प्रश्नहरू छन् जसको अङ्कभार जम्मा ६ रहेको छ । प्रश्न नं. ३ मा पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्दहरू (अनुकरणात्मक, पारिभाषिक, उखान, टुक्का र निपात शब्दहरू) २ ओटा शब्द दिइ वाक्यमा प्रयोग गर्न लगाइएको पाइन्छ । यसरी हेर्दा जम्मा अङ्भार ६ राखी शब्दभण्डार क्षमताको परीक्षण विशिष्टीकरण तालिका र माध्यमिक शिक्षा पाठ्यक्रममा छुट्याए अनुसार प्रश्नपत्र निर्माण भएको पाइन्छ ।

**(च) व्यावहारिक सिप परीक्षण र अङ्कभार**

माध्यमिक शिक्षा नेपाली विषयमा व्याकरणलाई भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिएको पाइन्छ । विद्यार्थीहरूको दैनिक जीवनमा व्यावहारिकता नजिक भएका प्रश्नहरूले विद्यार्थीहरूको क्षमता विकासमा प्रोत्साहन गर्ने हुँदा माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ अन्तर्गत नेपाली विषयको विशिष्टीकरण तालिका निर्माण गर्दा विभिन्न व्यावहारिक सिपको परीक्षण गर्ने व्यवस्था गरिएको छ । एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा नेपाली भाषाको प्रश्नपत्रमा व्याकरणात्मक सिप परीक्षणका निम्ति निम्नानुसार अङ्कभार छुट्याइएको छ ।

तालिका नं. ५

व्यावहारिक सिप परीक्षण र अङ्कभार

| | | |
|---|---|---|
| शुद्धिकरण | प्रसं. | २ |
| | अङ्कभार | १+२ |
| शब्दवर्ग | प्रसं. | १ |
| | अङ्कभार | ३ |
| शब्दनिर्माण | प्रसं. | २ |
| | अङ्कभार | २+१ |
| काल र पक्ष | प्रसं. | १ |
| | अङ्कभार | २ |

| | | |
|---|---|---|
| वाक्य परिवर्तन | प्रसं. | १ |
| | अङ्कभार | ४ |
| स्वतन्त्र वाक्य रचना | प्रसं. | १ |
| | अङ्कभार | ३ |
| जम्मा | प्रसं. | ८ |
| | अङ्कभार | १८ |

प्रस्तुत तालिकाअनुसार शुद्धिकरण अन्तर्गत २ ओटा प्रश्नहरू समावेश गरेको छ । पहिलो प्रश्नमा शब्द समूहबाट शुद्ध शब्द चिनेर लेख्नुपर्ने छ । जसको अङ्क १ रहेको छ । त्यसैगरी दोश्रो प्रश्नमा वाक्यलाई शुद्ध पारी लेख्नुपर्ने छ जसलाई २ अङ्कभार छुट्याइएको छ । शब्दवर्ग अन्तर्गत शब्दहरू रेखाङ्कित गरी पदवर्ग छुट्याउनु लगाइएको छ । जसको अङ्भार ३ रहेको छ । शब्द निर्माण अन्तर्गत उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनु पर्ने र दिइएको शब्दलाई समास वा विग्रह गर्नुपर्ने देखिन्छ ।जसको अङ्कभार३ निर्धारणगरेको छ । काल र पक्षबाट ४ ओटा धातु सङ्केत गरी वाक्य पूरा गर्न लगाइएको छ । वाक्य परिवर्तनलाई ४ अङ्क छुट्याइ दिइएको निर्देशनअनुसार परिवर्तन गर्न लगाइएको छ । त्यसपछि स्वतन्त्र वाक्य रचना अन्तर्गत सामान्य वर्तमानकालको फरक फरक क्रियापदहरूको प्रयोग गरी भाइका बारेमा वर्णन गर्नुहोस् भनी निर्देशन दिइएको छ । यसरी दिइएका विभिन्न सिप परीक्षणमा प्रश्न र अङ्कभार हेर्दा पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुरूप भएकाले विधाको अङ्कभार र प्रश्नसँगको सन्तुलन मिल्दो रूपमा प्रश्नहरू निर्माण भएको पाइन्छ ।

**(छ) उच्च दक्षता परीक्षण र अङ्भार**

आधारभूत सिपहरूभन्दा उच्च दक्षताको सिप विद्यार्थीहरूमा क्रमशः विकास भई स्थिर वा दिगो क्षमता देखिन्छ । जसरी पढाइ भनेको लेख्य सामग्री उच्चारण गर्नु हो भने उच्च पढाइ क्षमता भन्नाले उच्चारण गर्नु हो भने उच्च पढाइ क्षमता भन्नाले उच्चारण गर्नु र पढ्नुमात्र नभई उच्चारित सामग्रीबाट अर्थबोध गर्ने तथा लिपिबद्ध एवं सूचनालाई मस्तिष्कमा सङ्ग्रहित गर्ने र आवश्यक पर्दा प्रस्तुति गर्ने वा बाहिर निकाल्नसक्ने क्षमता हो । परीक्षणीय दृष्टिले भाषिक सिपहरू मध्येका पढाइ र लेखाइ सिपलाई उच्च क्षमता सिपमा लिन सकिन्छ । यी सिपहरू सुनाइ, बोलाइ भन्दा माथिल्ला सिपहरू हुन् । यिनीहरूको विकासबाट भाषा ग्रहण र प्रदान गर्न सक्षम हुने हुनाले प्रतिनिधि प्रश्नपत्रमा पढाइ र लेखाइ

सिपको परीक्षण गर्ने पाठगत र बोध प्रश्नहरू रहेका छन् जसको अध्ययन निम्नलिखित तालिकामा देखाएर गर्न सकिन्छ :-

तालिका नं. ६

उच्च दक्षता परीक्षण र अङ्कभार

| क्र.सं. | प्रश्नपत्र | | | |
|---|---|---|---|---|
| १. | संश्लेषण क्षमता | सारांश लेखन | प्रसं | १ |
| | | | अङ्कभार | ५ |
| २. | निर्देशित रचना क्षमता | कथा/जीवन, एकाङ्की/मनोवाद/वादविवाद/चिठी लेखन | प्रसं | २ |
| | | | अङ्कभार | ४ |
| ३. | व्याख्यात्मक रचना क्षमता | कथा, कविता, निबन्ध, जीवनी लेखन | प्रसं | २ |
| | | | अङ्कभार | ४ |
| ४. | स्वतन्त्र रचना क्षमता (सिर्जनात्मक) | निबन्ध (अदृष्टांश) लेखन | प्रसं | १ |
| | | | अङ्कभार | ८ |
| ५. | सङ्क्षिप्त प्रश्नोत्तर क्षमता | कथा, कविता, जीवनी प्रबन्ध, निबन्ध | प्रसं | २ |
| | | | अङ्कभार | १२ |
| ६. | विवेचनात्मक उत्तर क्षमता | कथा, कविता, जीवनी प्रबन्ध, निबन्ध | प्रसं | २ |
| | | | अङ्कभार | ८ |
| जम्मा अङ्कभार | | | | ४१ |

माथि प्रस्तुत गरिएको तालिकाका आधारमा एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएको नेपाली भाषाको प्रश्नपत्रमा उच्च क्षमता परीक्षणका निम्ति संश्लेषण क्षमता जाँच्न प्रश्न नं. १२ मा गद्यांशबाट चार ओटा बुँदा टिपी सारांशलेख्नु निर्देशनदिइएको छ। निर्देशित रचना क्षमताको परीक्षण गर्न प्रश्न नं. १३ मा एक विकल्प सहित 'क' र 'ख' गरी 'क' मा दिइएका बुँदाहरूका आधारमा कथा लेखी शीर्षक दिइनुपर्ने र 'ख' मा निर्देशित विषयको पक्षमा आफ्ना तर्कहरू राख्नुपर्ने । जसको अङ्कभार ४ रहेको छ । त्यसैगरी व्याख्यात्मक रचना क्षमताको मापन गर्नका लागि प्रश्न नं. १४ मा एक विकल्प सहित 'क' र 'ख' मा गद्यांश दिई कुनै एकको सप्रसङ्ग व्याख्या गर्न दिइएको छ । यसरी नै स्वतन्त्र रचना क्षमताको जाँच गर्न प्रश्न नं. १८ मा तीन ओटा शीर्षक 'क', 'ख' र 'ग' गरी १५० शब्दसम्मको निबन्ध लेख्न निर्देशन र उपयुक्त शीर्षकहरू दिइएका छ ? सङ्क्षिप्त उत्तर क्षमता मापन गर्न प्रश्न नं. १५ र १६ मा क्रमश १५ नम्बरमा एक विकल्पसहित 'क' मा कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने । 'ख' मा कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने र 'ग' मा जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने छ भने प्रश्न

नं. १६ मा एक दिइएको भनाइप्रति आफ्नो तर्क दिनुपर्ने देखिन्छ । विवेचनात्मक उत्तर लेखन क्षमताको जाँच गर्न प्रश्न नं. १७ मा एक विकल्पसहित ‘क’ र ‘ख’ मा कथांश र जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्न भनिएको छ ।

यसरी उच्च दक्षता परीक्षणका निम्ति १५० शब्दसम्मको गद्यांश दिई सारांश लेख्न लगाइएकोमा ५ अङ्कभार, निर्देशित तथा स्वतन्त्र लेखनका निम्ति ४ अङ्कभार, व्याख्यात्मक रचनाका लागि ४ अङ्कभार, स्वतन्त्र रचनाका लागि ८ अङ्कभार, सङ्क्षिप्त प्रश्नोत्तरका लागि १२ अङ्कभार र विवेचनात्मक उत्तर लेखनका लागि ८ गरी उच्च दक्षता परीक्षण तर्फ जम्मा ४१ अङ्कभार निर्धारण गरेको देखिन्छ ।

### ४.१.१.४ प्रश्नमा हुनुपर्ने गुण

स्तरीय र विद्यार्थीको क्षमता सुहाउँदो प्रश्न निर्माण गर्न प्रश्नमा हुनुपर्ने गुणको समायोजन उचित तवरले हुन आवश्यक हुन्छ, यसो भएमा मात्र गुणस्तरमा वृद्धि हुन्छ । प्रश्नमा हुनुपर्ने प्रचलनमा देखिएका गुणहरूमा वैधता, विश्वासनीयता, विभेदकारिता र व्यावहारिकता आदि पक्षहरू रहेका छन् । यिनै गुणहरूको आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन, विश्लेषण यहाँ गरिएको छ ।

**(क) विश्वासनीयता**

मूल्याङ्कन परिणामको महत्त्वपूर्ण गुणहरू मध्ये विश्वासनीयता पनि हो । विश्वासनीयता भन्नाले मापनको स्थिरतालाई जनाउँछ अर्थात् यसले परीक्षणको प्राप्ताङ्क वा मूल्याङ्कनको परिणाम एउटा मापनबाट अर्को मापनबिच कुनै हदसम्म स्थिरता छ भन्ने कुरालाई जनाउँदछ (ज.ब.रा. र अन्य २०७३:९३, ९४)। जबसम्म मापनले विभिन्न समयमा मापन गर्दा वा विभिन्न व्यक्तिहरूले एउटै उत्तरपुस्तिका परीक्षण गर्दा एवं विभिन्न समान खालको प्रश्नपत्रहरू प्रयोग गर्दा स्थिर परिणाम देखाउँछ भने परिणाममा हामी विश्वस्त हुन्छौ । अर्थात् कुनै पनि उपलब्धिको मापन गर्दा जति उपलब्धि विद्यार्थीहरूको छ त्यति नै उपलब्धि परीक्षणको परिणामले स्थिर रूपमा प्रदर्शन गर्नुपर्छ ।

तर कुनै पनि मूल्याङ्कनको परिणामपूर्ण रूपमा स्थिर हुन्छ भन्ने अपेक्षा गर्न सकिदैन किनभने जुन कुरा वा गुण मापन गर्ने हो त्यसको परिणाममा विभिन्न तत्त्वहरूले प्रभाव पारेको हुन्छ । यसरी विभिन्न तत्त्वहरूको कारणले मापनका त्रुटिहरू हुनसक्छ र मापन र मूल्याङ्कन विश्वासनीय नहुन सक्छ । सामान्य रूपमा विभिन्न मापनका

साधनहरूको प्रयोग गर्दा मूल्याङ्कनको परिणाम जति बढी स्थिर हुन्छ त्यति नै त्रुटि कम हुन्छ र विश्वासनीयता बढी हुन्छ (जबरा र अन्य, २०७३:९४) । विश्वासनीयताले मापनद्वारा जानकारीको स्थिरता, एकरूपता, शुद्धताका बारेमा जानकारी गराउँछ । एउटा परीक्षणलाई केही पटक केही समयको अन्तरालमा विद्यार्थीहरूको एउटा समूहलाई दिइन्छ र विद्यार्थीहरूबाट आउने विभिन्न प्राप्ताङ्कमा कुनै उल्लेखनीय फरक आएन भने परीक्षण विश्वासनीय हुने गर्दछ ।

**(ख) वैधता**

वैधता प्रश्नमा हुनुपर्ने त्यो गुण हो जसले प्रश्नको औचित्यलाई प्रष्ट पार्छ । जुनसुकै रूपमा परीक्षण प्रयोग गरे तापनि परीक्षणमा वैधता हुनुपर्छ । वैधता परीक्षण परिणामको व्याख्या र उपयोगको पर्याप्त र उपयुक्तताको मूल्याङ्कन हो । यस अर्थमा वैधता उद्देश्यसँग सम्बन्धित छ । जुन उद्देश्यको लागि परीक्षणको निर्माण गरिएको छ परीक्षणको परिमाण उद्देश्यअनुसार पर्याप्त उपयुक्त रूपमा व्याख्यार उपयोगगर्न सकिन्छ भनेपरीक्षण मानिन्छ । वैधताले परीक्षण परिमाणको व्याख्या र उपयोगमा पनि दुरगामी प्रभावलाई समेत समेट्छ (जबरा र अन्य, २०७३:१२४) ।

वैधता पूर्ण वा शून्य आधारमा हुँदैन । वैधता मात्रामा हेरिन्छ । त्यसकारण मूल्याङ्कनको परिमाण वैध वा अवैध भन्नु भन्दा कुन हदसम्म वैध भन्ने कुरा हेर्नुपर्छ । प्रश्नलाई वैध बनाउन, पाठ्यक्रमका राष्ट्रिय वा तहगत उद्देश्यहरूलाई पनि उचित ख्याल गरिनु पर्दछ । प्रश्नमा सोधिएका कुरालाई त्रुटिरहित र पारदर्शी ढङ्गले परीक्षण गर्ने गुण कक्षा १० को पाठ्यक्रममा रही २०७१ मा निर्माण गरिएको विशिष्टीकरण तालिकाले निर्दिष्ट गरेको व्याकरणात्मक पक्षसँग सन्तुलन मिलाइएको देखिन्छ । वैधताका प्रकारहरूका आधारमा आधारित रहेर प्रश्नहरूलाई वैधतामा रहेको र अवैध रहेको तुलना गर्न सकिन्छ ।

**(अ) विषयगत वैधता**

परीक्षणले प्रतिनिधित्व गर्ने कार्यहरूको क्षेत्र अन्तर्गत विद्यार्थीहरूले कति सम्म कार्य सम्पादन गर्न सक्छ भन्नेव्याख्या विश्लेषणगर्नको लागि विषयगत वैधता बढी महत्त्वपूर्ण छ । यस वैधताको मान्यताअनुसार परीक्षणमा समावेश गरिएका प्रश्नहरू सम्पूर्ण विषयवस्तुको नमुना समूह मात्र हुन् । यो नमुना प्रतिनिधिक भएमामात्र परीक्षणमाविषयगत वैधता हुन्छ । यसरी विषयगत वैधताको अर्थ नमुना प्रश्न समूहले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्न सक्ने क्षमता हो । यदि प्रश्न पत्रको सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्दछ भने यो परीक्षण

वैध हुन्छ (जबरा र अन्य, २०७३:१२७, १२८) ।विषयगत वैधता निर्धारण गर्दा उपलब्धि मापनका लागि आवश्यक पर्ने शैक्षणिक रूपमा सान्दर्भिक कार्यहरूको क्षेत्र स्पष्ट गरी उद्देश्यका आधारमा कुन विषयवस्तुलाई के कति महत्त्व दिने भन्ने कुराको स्पष्ट गरेर प्रतिनिधिमुलुक परीक्षणका प्रश्नहरू निर्माण र छनोट गर्नु पर्दछ ।

यसै अनुसारका विषयगत वैधतामा स्तर अनुसारका प्रश्नमा शुद्धता, सरलता, भाषा पाठ्यक्रमलाई समेटेको र पाठयांश र अङ्कभारको अनुपात समान जस्ता कुरालाई आधार मानी एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएको नेपाली भाषाको प्रश्नपत्रको अध्ययन गर्दा विशिष्टीकरण तालिका अनुसार नै तयार गरेको देखिन्छ ।

(आ) **रचनात्मक वैधता**

सामान्यतया हामीले परीक्षण र मूल्याङ्कनको परिमाणात्मक व्यक्तिको सामान्य विशेषताको अर्थमा पनि व्याख्या गर्नुपर्ने हुन्छ । यसको लागि मूल्याङ्कनले मापन गर्न खोजेको रचनात्मकतालाई ध्यान दिनुपर्ने हुन्छ । मूल्याङ्कनले मापन गर्न खोजेको रचनात्मकताका विशेषताहरूमा सिप, कार्य सम्पादन, क्षमता, मनोवैज्ञानिक गुण, व्यक्तिगत गुण आदि पर्दछन् । रचनात्मक भन्नुकोतात्पर्य भावात्मकता हो । गुणहरू भावात्मक हुन्छन् । यिनीहरूलाई ज्ञानेन्द्रिय मार्फत् मात्रात्मक तवरमा जाँच्न सकिदैन, यसलाई जाँच्नको लागि निश्चित आधार तथा साधनहरू विकास गर्नुपर्दछ । यसरी हामीले कुनै व्यक्तिको व्यक्तिगत विशेषताको रूपमा मूल्याङ्कनको परिणाम व्याख्या विश्लेषण गर्न खोज्छौ भने यो रचनात्मकतासँग सम्बन्धित हुन्छ । रचनात्मक भन्नाले व्यक्तिको त्यो विशेषता हो जुन व्यक्तिको कुनै व्यवहारको पक्षहरू व्याख्या गर्नका लागि अस्तित्त्वमा छ भन्ने अनुमान गर्छ ( जबरा र अन्य, २०७३:१३०) ।

प्रतिनिधि प्रश्नहरूमा रचनात्मक वैधताको परीक्षण गर्न प्रश्नहरूमा निर्देशित र स्वतन्त्र रचना गरी २ प्रकृतिका प्रश्नहरूको निर्माण गरेको देखिन्छ । यसरी निर्माण गरिएका प्रश्नहरूमा निर्देशित रचनातर्फ कथा र वादविवाद लेखनसँग सम्बन्धित प्रश्नहरू रहेका छन् भने स्वतन्त्र रचनालाई निबन्ध लेखनसँग सम्बन्धित प्रश्नहरू समावेश गरिएका छन् । उक्त प्रश्नहरू रचनात्मक दृष्टिकोणले अलि कमजोर देखिने भएकाले रचनात्मकता वैधताका दृष्टिले पनि केही त्रुटिपूर्ण पाइन्छ ।

(इ) **समवर्ती वैधता**

समवर्ती वैधताले वर्तमान समयमा गरिएका दुईवटा फरक फरक परीक्षणका बिचको सह-सम्बन्धलाई बोध गर्दछ । यो धेरै हदसम्म पूर्व सूचनात्मक वैधतासँग सम्बन्धित हुन्छ । वर्तमान अवस्थामा गरिएको एक परीक्षण र अर्को परीक्षण बिचको पारस्परिक सह-सम्बन्धको गुणाङ्कको आधारमा वैधता जाँच्ने प्रक्रियालाई समवर्ती वैधता भनिन्छ । यसमा वर्तमान समयको पूर्व अनुमानसँग प्राप्त गरेको अङ्कलाई तुलना गरेर हेरिन्छ । यसरी एक पटक पारिएको परीक्षणबाट आएको प्राप्ताङ्क अर्को परीक्षणका प्राप्ताङ्कसँग समरूप हुन्छ भने त्यसलाई समवर्ती वैधता भनिन्छ । यस्तो गुण प्रतिनिधि प्रश्नहरूमा भएको देखिन्छ ।

(ई) **अनुमानात्मक वैधता**

प्रश्नमा हुनुपर्ने यस गुणलाई भविष्यसूचक वा पूर्वसूचनात्मक वैधता पनि भनिन्छ । परीक्षण प्राप्ताङ्कका आधारमा भविष्यका क्रियाकलापलाई पूर्वानुमान गरिन्छ भने यस प्रकारका वैधतालाई अनुमानात्मक वैधता भनिन्छ । परीक्षार्थीद्वारा क्षमता प्रदर्शन भएर पनि उसको भविष्यका कुनै न कुनै अनुमान प्राप्त गर्न सकिदैन भन चाहिँ त्यस्ता प्रकृतिकाप्रश्नहरूलाई अनुमानात्मक वैधताका दृष्टिले अवैध मानिन्छ, तर प्रतिनिधि प्रश्नहरूका गुणहरूलाई केलाएर हेर्दा प्रश्नहरूमा अनुमानात्मक वैधता रहेको देखिन्छ ।

(ग) **विभेदकारिता**

विद्यार्थीहरू सबै एउटै क्षमता वा एउटै सिकाइ उपलब्धि स्तर भएका हुँदैनन्। विभिन्न उपलब्धि स्तर भएका विद्यार्थीहरू मध्ये कसको क्षमता कति छ भनी मापन गर्न सकिने क्षमता विभेदकारितामा रहन्छ । प्रतिनिधि प्रश्नहरू २०७५ मा अदृष्टांश बोध प्रश्नका लागि ५ अङ्कभार, सारांश लेखनका लागि ५ अङ्कभार स्वतन्त्र, रचना अन्तर्गत कथा लेखन वा वादविवाद लेखनका लागि ४ अङ्कभार, निबन्ध लेखनका लागि ८ अङ्कभार छुट्याएर विभेदकारिताको दृष्टिकोणले प्रश्नहरूमा विभेदकारिता ल्याउन खोजेको देखिन्छ साथै विभिन्न क्षमताका विद्यार्थीहरूलाई तिनीहरूको विविध क्षमताको उपलब्धि प्रदर्शन गर्ने अवसर पनि प्रश्नहरूले उपलब्ध गराएको देखिन्छ ।

(घ) **व्यवहारिकता**

परीक्षणका प्रश्नहरू सैद्धान्तिक मात्र नभएर व्यवहारिक पनि हुनुपर्दछ । व्यावहारिकताले लक्षित वर्गको भाषिक समानताको परीक्षण गर्ने स्तरीय र उपयुक्त

प्रश्नहरूलाई चिनाउँदछ । प्रश्नहरूलाई व्यावहारिक बनाउन परीक्षा सञ्चालनयुक्तता, समय सापेक्षता, मितव्ययीता, स्पष्टता, सीपमूलकता आदि जस्ता विभिन्न पक्षहरूलाई महत्त्वपूर्ण रूपमा ध्यान दिनुपर्दछ । एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएको नेपाली भाषाको प्रश्न पत्रमा व्यावहारिक दृष्टिकोणले अध्ययन गर्दा उपयुक्त नै भएको देखिन्छ ।

### ४.१.१.५ भाषाका आधारमा हुनुपर्ने गुण

प्रश्नमा प्रयुक्त भाषाले पनि प्रश्नपत्रको आन्तरिक स्वरूपमा प्रभाव पार्दछ । प्रश्नपत्रमा प्रयोग भएको भाषा जति बढी स्पष्ट र त्रुटिरहित हुन सक्यो त्यति नै प्रश्नहरू विश्वासनीय र आकर्षक बन्दछन् । प्रतिनिधि प्रश्नपत्रको भाषालाई अध्ययन गर्दा खास गरेर भाषागत त्रुटि गरिएको पाइदैन । प्रश्न नं. १३ मा दिइएका बुँदाहरूका आधारमा कथा लेख्न दिइएको अनुच्छेदमूलक बुँदाहरू भित्र पढ्दा प्रश्नमा 'नु' क्रियान्त हुनाले भाषामा क्रियापदले महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा यस्तो अवस्थामा प्रश्नपत्रको स्तरीयतामा आघात पुगेको देखिन्छ ।

### ४.१.१.६ प्रश्नका विभिन्न पक्षहरू वा प्रकृतिहरू

लिखित परीक्षा मार्फत परीक्षण गर्दा विषयगत र वस्तुगत प्रश्न गरी दुई प्रकारका प्रश्नहरू रहेको देखिन्छ । कुनै प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् भने कुनै परीक्षार्थीको उत्पादनात्मक क्षमताको परीक्षण गर्ने प्रकृतिका हुन्छन् । विषयगत प्रश्न भने व्यक्तिनिष्ठ हुन्छ । वर्णनात्मक, विवेचनात्मक, संश्लेषणात्मक, तार्किक आदि प्रकृतिका प्रश्नहरू विषयगत प्रकृतिका हुन्छन् । विद्यार्थीमा भाषिक विषयवस्तुको जानकारी र ज्ञानात्मक गहराइको प्रस्तुति गर्ने सिप वा शैलीको स्वर, सङ्गठन पक्ष, रचना पक्ष, कला पक्ष तथा स्वतन्त्र, सिर्जनात्मक र मौलिक अभिव्यक्ति पक्षको स्तर र क्षमता जाँच्नका लागि विषयगत प्रश्नको उपयोग गरिन्छ (शर्मा, पौडेल, २०७३:३०७) । मूलतः बोध, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्ण विन्यास र व्याकरण तत्त्वहरूको पहिचानात्मक परीक्षणका लागि वस्तुगत प्रश्न उपयोगी हुन्छन् । यस्ता प्रश्नहरू परीक्षणको व्यापकता र विश्वासनीयता बढाउन निकै उपयोगी हुन्छन् । भाषिक क्षमता आँक्नमा पनि यस्ता प्रश्नहरू आंशिक उपयोगी हुन सक्छन् ।

एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका नेपाली भाषाको प्रश्नपत्रको अध्ययन गर्दा विषयगत प्रकृतिका प्रश्नहरूमा विवेचनात्मक प्रश्नको निम्ति ८ अङ्क, सङ्क्षिप्त उत्तर आउने प्रश्नका लागि १२ अङ्क, कथा वा वादविवाद लेखनका निम्ति ४ अङ्क, सारांश लेखनका निम्ति ५ अङ्क, सप्रसङ्ग व्याख्याका निम्ति ४ अङ्क, स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखनका लागि ८ अङ्क र पठनबोध प्रश्नोत्तरका लागि १० अङ्क गरी कूल ५१ अङ्क भएका प्रश्नहरू निर्माण गरिएको छ ।

विषयगत वैधतामा आघात पर्न नदिन तथा विश्वासनीयता र वैधताको उच्च सन्तुलन मिलाइराख्न दुवै प्रकृतिका प्रश्नहरूमा शब्दभण्डारलाई अर्थ लेखन शीर्षकमा २ अङ्क, शब्द पहिचान शीर्षकमा २ अङ्क, वाक्यमा प्रयोग शीर्षकमा २ अङ्क, शुद्ध पार्ने शीर्षकमा ३ अङ्क, शब्द वर्ग छुट्याउने प्रश्नका निम्ति ३ अङ्क, शब्द निर्माणका निम्ति ३ अङ्क, खाली भर्ने प्रश्नका निम्ति २ अङ्क, वाक्य परिवर्तन गर्ने प्रश्नका निम्ति ४ अङ्क र स्वतन्त्र वाक्य रचना प्रश्नका निम्ति ३ अङ्क गरी जम्मा ३४ अङ्कभार कायम गरिएको छ ।

यसरी ७५ अङ्कभार सैद्धान्तिक मूल्याङ्कन कार्यका लागि निर्धारण गरिएको छ । समग्र भाषिक सिपको पक्षलाई केलाएर हेर्दा भाषिक सिपका बाँकी पक्षहरूलाई समेट्नका निमित्त २५ अङ्क भारको प्रयोगात्मक कार्यका लागि छुट्याइएको छ । प्रयोगात्मक कार्य शिक्षकले कक्षाकोठामा निर्माणात्मक विधिद्वारा गर्नुपर्ने निर्देशन विशिटीकरण तालिकाले तोकेको छ ।

### ४.१.२ प्रश्नहरूको बाह्य आधारमा तुलनात्मक अध्ययन

प्रश्नपत्रलाई बाह्य आधारमा विश्लेषण गर्नु भनेको यसको रूपविधानलाई अध्ययन गर्नु हो । यसलाई औपचारिक स्वरूप पनि भनिन्छ । यसले प्रश्नको आकृतिगत पक्षलाई निर्धारण गर्दछ । प्रश्नपत्रको बाह्य स्वरूप स्पष्ट र आकर्षक हुनुपर्दछ । जसरी व्यक्तिको स्वरूपको थपघट वा गल्तीले विरूप तथा विकृत बन्छ र व्यक्तित्वमा आँच पुऱ्याउँछ त्यसरी नै प्रश्नपत्रको बाहिरी पक्षको सानो हेलचेक्र्याइले गम्भीर असर पार्दछ । यसले प्रश्नपत्रको विश्वसनीयता, विभेदकारिता, व्यावहारिकता जस्ता पक्षहरूमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ । प्रश्नपत्रमा आकृतिगत वैधताको अध्ययनका लागि प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम र भाषालाई लिइएको छ ।

माथि उल्लिखित कुराहरूमा प्रतिनिधि प्रश्नपत्रको ध्यान पुग्न सके/नसकेको प्रष्ट्याउन निम्नानुसार अध्ययन विश्लेषण गरिएको छ ।

### ४.१.२.१ निर्देशनका आधारमा

परीक्षाका लागि प्रश्नपत्र तयार गरी एकत्रित वा सङ्गठित गर्ने कार्यका लागि परीक्षाको स्पष्ट निर्देशनहरू तयार गर्नु आवश्यक छ । निर्देशन तयार गर्दा परीक्षाको उद्देश्य, उत्तरका आधार र उत्तर दिने तरिका प्रश्नपत्रमा उल्लिखित हुनुपर्दछ । निर्देशन अस्पष्ट, अशुद्ध, महत्त्वकांक्षी, दोहोरो अर्थ लाग्ने खालको जटिल भयो भने प्रश्न एवम् परीक्षणीय उद्देश्यहरूनै निरर्थक हुन्छन् । यसका साथै सङ्केत, निर्देशन चिन्ह, पृष्ठ निर्देशन, अङ्क निर्देशन, विकल्प निर्देशन आदिले प्रश्नलाई स्पष्ट, आकर्षक र उद्देश्यमूलक बनाउन भूमिका खेल्छ । निर्देशनका आधारमा शीर्ष निर्देशन, प्रश्न निर्देशन, विकल्प निर्देशन र पृष्ठ निर्देशन गरी ४ उपधारामा यहाँ अध्ययन गरिएको छ ।

**(क) शीर्ष निर्देशन**

प्रश्नपत्रको शीर्ष भागमा रहने समग्र प्रश्नहरूको मूल निर्देशन नै शीर्ष निर्देशन हो । समय, सीमा र प्रश्नको प्रकृति अनुसार निर्देशन सरल र वस्तुनिष्ठ तरिकाले प्रस्तुत गरिनुपर्छ । प्रश्नपत्रको आदि भागमा गरिने निर्देशन नै शीर्ष निर्देशन मानिन्छ । यो प्रमुख निर्देशन हो । समग्र प्रश्नको मूल निर्देशन भएको हुनाले उत्तर दिँदा, लेख्दा के कुरामा ध्यान पुऱ्याउने ? कसरी उत्तर लेख्ने ? आदि विषयमा राम्ररी स्पष्ट निर्देशन भएमा मात्र प्रश्न प्रभावकारी र सहज बोध हुन सक्छन् ।

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्न एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका नेपाली भाषाको प्रश्नपत्रमा RE-106 'BP' र अनिवार्य नेपाली विषय भएको हुनाले २०७५ लेख्नुको सट्टा 2075 लेखिनुले भाषिक दृष्टिकोणले त्रुटि रहेको पाइन्छ ।

**(ख) प्रश्न निर्देशन**

प्रत्येक प्रश्नका निर्देशनले प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । प्रश्नपत्रलाई वैध, स्पष्ट, उद्देश्यपूर्ण, सरल एवम् प्रभावकारी तुल्याउन प्रश्न निर्देशन सहायक तत्त्व हो । एउटा प्रश्नभित्र उपप्रश्नहरू रहने स्थितिमा त निर्देशन अझ आवश्यक हुन्छ । निर्देशनबिनाको प्रश्न अस्पष्ट, अन्यौलपूर्ण, अपूर्ण र अवैध समेत हुन्छ । यसैगरी कति प्रश्नहरूको उत्तर लामो वा छोटो लेख्ने, उपप्रश्नहरू भए तीमध्ये कति ओटा

उत्तर दिने जस्ता कुराहरू पनि प्रश्नमा निर्देशनले स्पष्ट पार्नुपर्दछ । यस आधारमा हेर्दा प्रतिनिधि प्रश्नको स्थिति सन्तोषजनक नै छ । सबै प्रश्नहरूमा स्पष्ट निर्देशन दिइएको पाइन्छ ।

**(ग) विकल्प निर्देशन**

विकल्प निर्देशन भन्नाले यो वा त्यो भन्ने अर्थ हुन्छ । भाषाका प्रश्न निर्माण गर्दा विकल्प छनौट गर्ने गरी व्यवस्था मिलाउनु सैद्धान्तिक हिसाबले राम्रो मानिदैन तर विद्यार्थीलाई सरल होस् भन्ने हेतुले विकल्पसहित प्रश्नहरू बनाउने प्रचलन छँदैछ । विकल्प निर्देशनलाई स्पष्ट पार्न वा, अथवा भनी रोज्ने स्थिति सिर्जना हुँदा पहिलो प्रश्नको अन्त्यपछि दोस्रो पङ्क्ति स्पष्ट देखिने गरी लेखेर मात्र विकल्प प्रश्न लेख्ने अवस्था मिलाउनु पर्दछ । विकल्प निर्देशन दिँदा प्रश्नको आशय, समय, अङ्कभार, उद्देश्य, कठिनाइ स्तर आदिलाई ख्याल राख्नु पर्दछ ।

प्रतिनिधि प्रश्नपत्रलाई अध्ययन गर्दा प्रश्न नं. १ मा समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी लेख्नलाई ६ वटा विकल्प शब्दहरू दिइएका छन् । प्रश्न नं. २ का उपप्रश्न क, ख, ग, घ का कोष्ठकमा पनि विकल्प शब्दहरू दिइएका छन् । प्रश्न नं. १३ मा कथाको विकल्पमा वादविवाद लेख्न निर्देशन दिइएको छ । त्यसैगरी प्रश्न नं. १४ मा दुईओटा प्रश्नमध्ये कुनै एकको सप्रसङ्ग व्याख्या गर्न भनिएको छ । प्रश्न नं. १५ मा तीनओटा प्रश्नमध्ये कुनै दुई प्रश्नको उत्तर दिनुहोस् भनी निर्देशन दिइउको छ । प्रश्न नं. १७ मा पनि दुईओटा प्रश्नमध्ये कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस् भनी विकल्प निर्देशन दिएको छ र प्रश्न नं. १८ मा तीनओटा शीर्षक मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् भनी विकल्प निर्देशन दिइएको पाइन्छ ।

**(घ) पृष्ठ निर्देशन**

पृष्ठ भनेको पाना हो । भाषाका प्रश्नहरू केही लामा हुने भएकाले एउटै पृष्ठमा अटाउन नसक्ने हुँदा यस्तो अवस्थामा एकभन्दा बढी पृष्ठ प्रयोग गर्नुपर्ने हुन्छ । अर्को पृष्ठमा पनि छ भनी जानकारी दिनु र प्रश्न समाप्त भएको जानकारी दिनु पृष्ठ निर्देशनहो । यसबाट परीक्षार्थी र परीक्षक दुवै झुक्किने सम्भावनाबाट मुक्त हुन्छन् ।

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा पहिलो पृष्ठदेखि पृष्ठ सङ्ख्या १, २, ३, ४ गरी पृष्ठ अङ्कन गरिएको छ । यसका साथै पृष्ठको पुछारमा क्रमशः भनेर पृष्ठ निर्देशन

दिइएको छ र अन्त्यमा प्रश्नहरूको समाप्तिको जानकारी पनि गराइएकाले पृष्ठ निर्देशनको उचित प्रयोग भएको देखिन्छ ।

### ४.१.२.२ अङ्क विभाजन र समय निर्धारण

कुनै पनि प्रश्नपत्रमा अङ्क विभाजन र समय निर्धारण आवश्यक हुन्छ । अङ्क र समयको सन्तुलन नमिलेका प्रश्नहरूले प्रश्नपत्रको बाह्य वैधतामा आँच पुऱ्याउँदछन् । यिनको सन्तुलन नभएमा विद्यार्थीहरूको मापनमा समेत बाधा पुग्दछ । प्रश्नपत्रको प्रकृति, कठिनाई स्तर, उत्तरको आकार आदि कुराका आधारमा अङ्क र समय निर्धारण गर्नुपर्ने हुन्छ ।

उपर्युक्त दृष्टिकोणबाट प्रतिनिधि प्रश्नहरूको निम्न उपआधार मार्फत अध्ययन विश्लेषण गरी प्रष्ट पारिएको छ ।

**(क) पूर्णाङ्क र त्यसको वितरण**

प्रश्नपत्रमा उल्लिखित पूर्णाङ्कलाई प्रश्नको अनुरूप वा त्यसको प्रकृति अनुसार स-साना भागमा टुक्र्याएर बाडिएको हुन्छ । यसरी वितरण गरिएको अङ्क र पूर्णाङ्क बीच सुहाउँदो तालमेल मिलेको हुनुपर्दछ । विवेचनात्मक किसिमका र सृजनात्मक खालका उत्तरका लागि बढी समय खर्चिनु पर्ने भएकाले त्यस्ता प्रश्नका लागि बढी अङ्क निर्धारण गर्नु उपयुक्त हुन्छ । प्रतिनिधि प्रश्नपत्रमा रहेको पूर्णाङ्क निम्न तालिकामा देखाइएको छः

तालिका नं. ७

प्रश्न र पूर्णाङ्क वितरण

| क्र.सं. | प्रश्न सङ्ख्या र अङ्कभार | प्रदेश नं. २ | कैफियत |
|---|---|---|---|
| १. | प्रश्न सङ्ख्या | १ | जम्मा प्रश्न सङ्ख्या-१८<br>जम्मा अङ्कभार -७५ |
| | अङ्कभार | २ | |
| २. | प्रश्न सङ्ख्या | २ | |
| | अङ्कभार | २ | |
| ३. | प्रश्न सङ्ख्या | ३ | |
| | अङ्कभार | २ | |
| ४. | प्रश्न सङ्ख्या | ४ | |
| | अङ्कभार | ३ | |
| ५. | प्रश्न सङ्ख्या | ५ | |
| | अङ्कभार | ३ | |
| ६. | प्रश्न सङ्ख्या | ६ | |
| | अङ्कभार | ३ | |

| | | | |
|---|---|---|---|
| ७. | प्रश्न सङ्ख्या<br>अङ्कभार | ७<br>२ | |
| ८. | प्रश्न सङ्ख्या<br>अङ्कभार | ८<br>४ | |
| ९. | प्रश्न सङ्ख्या<br>अङ्कभार | ९<br>३ | |
| १०. | प्रश्न सङ्ख्या<br>अङ्कभार | १०<br>५ | |
| ११. | प्रश्न सङ्ख्या<br>अङ्कभार | ११<br>५ | |
| १२. | प्रश्न सङ्ख्या<br>अङ्कभार | १२<br>५ | |
| १३. | प्रश्न सङ्ख्या<br>अङ्कभार | १३<br>४ | |
| १४. | प्रश्न सङ्ख्या<br>अङ्कभार | १४<br>४ | |
| १५. | प्रश्न सङ्ख्या<br>अङ्कभार | १५<br>८ | |
| १६. | प्रश्न सङ्ख्या<br>अङ्कभार | १६<br>४ | |
| १७. | प्रश्न सङ्ख्या<br>अङ्कभार | १७<br>८ | |
| १८. | प्रश्न सङ्ख्या<br>अङ्कभार | १८<br>८ | |

माथिको तालिकाअनुसार प्रतिनिधि प्रश्नपत्रमा गरिएको पूर्णाङ्क वितरण र प्रश्न सङ्ख्यालाई हेर्दा शब्दको अर्थ लेखनलाई २ अङ्क, शब्दज्ञानलाई २ अङ्क, वाक्यमा प्रयोगलाई २ अङ्क, शुद्धिकरण गर्नेलाई ३ अङ्क, शब्दवर्ग पहिचानका निम्ति ३ अङ्क, शब्द निर्माणका लागि ३ अङ्क, काल र पक्षका निम्ति २ अङ्क, वाक्य परिवर्तनका लागि ४ अङ्क, स्वतन्त्र वाक्य रचनाका निम्ति ३ अङ्क, पठनबोधका निम्ति १० अङ्क, सारांश लेखनका लागि ५ अङ्क, कथा वा वादविवाद लेखनका लागि ४ अङ्क, सङ्क्षिप्त उत्तर लेखनका लागि ८ अङ्क, सप्रसङ्ग व्याख्या लेखनका लागि ४ अङ्क र विवेचनात्मक उत्तर लेखनका लागि ८ अङ्क गरी जम्मा ७५ पूर्णाङ्क रहेको पाइन्छ ।

**(ख) उत्तीर्णाङ्क**

पाठ्यक्रमले निर्धारण गरेको पूर्णाङ्क वा उच्च अङ्क ल्याउन सबैले नसक्ने हुनाले सफलताका लागि न्यूनतम अङ्कलाई नै उत्तीर्णाङ्क भनिन्छ । प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा ७५ पूर्णाङ्कका लागि २७ उत्तीर्णाङ्क राखिएको छ, जसको एकरूपमा समानता र उपयुक्तता रहेको देखिन्छ ।

**(ग) समय विभाजन**

प्रश्नपत्रको शीर्ष भागमा नै कति समयमा प्रश्नको उत्तर दिइनुपर्ने हो त्यसको स्पष्ट निर्देशन दिइनुपर्दछ । प्रश्नको प्रकृति अनुसार फरक-फरक समयनिर्देशन गर्नु आवश्यकछ । समय निर्देशनले निश्चित समय सीमा भित्र प्रश्नको उत्तर दिन परीक्षार्थीहरूलाई महत्त्वपूर्ण आधार प्रदान गर्दछ । अङ्क विभाजन र वितरण पाठ्यक्रम अनुसार भएता पनि समय विभाजन भने विशिष्टीकरण तालिका अनुसार प्रत्येक प्रश्नको पछि अङ्क र समय राख्ने कार्य गरिएको छैन जुन प्रचलित प्रश्नपत्रहरूमा कहीँ पनि राखिएको पाइदैन । प्रतिनिधि प्रश्न एस.इ.इ. २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका नेपाली भाषाको प्रश्नपत्रका निम्ति ७५ पूर्णाङ्क र २ घण्टा १५ मिनेट समय मात्र निर्धारण गरिएको छ जुन विशिष्टीकरण तालिकासँग राम्ररी मेल खादैन ।

**(घ) भाषिक सिप र अङ्क वितरण**

भाषिक सिप भन्नाले सुनाइ, बोलाइ, पढाई र लेखाई यी चार कार्यलाई बुझाउँदछ । भाषा अध्ययनको मूल उद्देश्य नै भाषिक सिप हासिल गराउनु हो । भाषा चार सिप मध्ये बोलाइ र लेखाइ अभिव्यक्ति सिप र सुनाइ र पढाइ ग्रहण सिप भनिन्छ । भाषिक सिप एक अर्कासँग अन्तरसम्बन्धित हुन्छन् । पहिले पढाइ र लेखाई सिपलाई मात्र महत्त्व दिएको पाइन्छ, तर वर्तमान स्थितिमा भाषाका चार ओटै सिप सनाइ, पढाइ र लेखाइलाई उत्तिकै महत्त्व दिएको देखिन्छ ।

प्रतिनिधि प्रश्नपत्रमा भाषिक सिप परीक्षण कसरी गर्न खोजिएको छ भन्ने सन्दर्भमा अध्ययनलाई निम्नानुसार अलग-अलग छुट्याएर हेर्न प्रयास गरिएको छः

**(अ) विशुद्ध पढाइ सिप र अङ्क विभाजन**

भाषिक सिप मध्येको प्रमुख एक सिप पढाइ सिप पनि हो । पढाइ सिप लेखन सामग्री उच्चारण गर्न मात्र नभई उच्चरीत सामग्रीबाट अर्थ बोध गर्ने तथा लिपिबद्ध ज्ञान एवम् सूचनालाई सङ्गठित गर्ने क्षमता पनि हो । प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिपको

परीक्षण गर्न तालिका नं .२ अनुसार पाठगत र पठनबोध प्रश्नहरू समावेश गरिएको छ । प्रश्न नं. १० र ११ मा निर्देशित गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिइनुपर्ने निर्देशन दिइएको छ । जसको अङ्कभार ५, ५ गरी जम्मा पठनबोध प्रश्नका लागि १० अङ्कभार छुट्याइएको छ । त्यसैगरी प्रश्न नं. १५ र १६ मा पाठगत प्रश्न समावेश गरिएको छ । प्रश्न नं. १५ मा १ विकल्प सहित ३ ओटा प्रश्नहरू समावेश गरिएको छ । जसको प्रतिप्रश्न अङ्कभार ४ रहेको छ । त्यसैगरी प्रश्न नं. १६ मा पाठ्यपुस्तकबाटै निबन्धको एक भनाइ राखी उक्त भनाइप्रति आफ्नो सहमति वा असहमति जनाइ तर्क दिनुपर्ने समस्या समाधान गर्नुपर्ने खालको प्रश्न राखेको देखिन्छ । जसको अङ्कभार ४ रहेको छ ।

प्रतिनिधि प्रश्नपत्रको अधययन गर्दा विशुद्ध पढाइ सिप परीक्षणका लागि विशिष्टीकरण तालिका अनुरूप नै प्रश्न समावेश गरेको देखिन्छ जुन उपयुक्त देखिन्छ ।

(आ) **विशुद्ध लेखाइ सिप परीक्षण र अङ्कभार**

लेखाइ सिप भन्नाले कुनै पनि तथ्य कुरालाई लिखित रचनाका माध्यमबाट स्पष्ट अभिव्यक्ति गर्नु हो । विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्रको अध्ययन गर्दा विशुद्ध लेखाई सिप परीक्षणका लागि प्रश्न नं. १३ मा एक विकल्प सहित २ ओटा प्रश्नहरू रहेका छन् । जसमध्ये विद्यार्थीहरूले कुनै एक प्रश्नको उत्तर दिनुपर्ने हुन्छ । प्रश्नको अङ्कभार भने ४ रहेको छ । प्रश्न 'क' निर्देशित रचना अन्तर्गत दिइएको बुँदाहरूका आधारमा कथा लेखी शीर्षक दिनुपर्ने र 'ख' मा निर्देशित विषयमा आफ्नो तर्क प्रस्तुत गर्नुपर्ने स्वतन्त्र रचना अन्तर्गत २ ओटा विकल्प सहित तीन ओटा प्रश्नहरू समावेश गरिएको छ । जसमा तीन ओटा शीर्षकहरू रहेका छन् जसमध्येबाट विद्यार्थीहरूले कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुपर्ने निर्देशन रहेको छ । जसको अङ्क भार ८ रहेको छ । जुन विशिष्टीकरण तालिका अनुरूप नै देखिन्छ ।

(इ) **पढाइ-लेखाइ एकीकृत सिप परीक्षण र अङ्क वितरण**

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा पढाइ र लेखाइ एकीकृत सिप परीक्षणका लागि प्रश्नहरू समावेश गरेको देखिन्छ । जसमा प्रश्न नं. १२ मा एक अनुच्छेद पढी चार ओटा बुँदा टिपी एक तृतीयांश सारांश लेख्न निर्देशन दिइएको छ, जसको अङ्कभार ५ रहेको छ । त्यसैगरी प्रश्न नं. १४ मा एक विकल्प सहित २ ओटा प्रश्नहरू समावेश गरिएको छ । जसको अङ्कभार ४ रहेको छ । प्रश्न नं. १७ मा २ ओटा विकल्प सहित ३ ओटा विवेचनात्मक प्रश्नहरू रहेका छन् । जसमध्ये विद्यार्थीहरूले कुनै एक प्रश्नको उत्तर लेख्नुपर्ने

हुन्छ, जसको अङ्कभार ८ रहेको छ । त्यस्तै प्रश्न नं. १६ मा निर्देशित भनाइप्रति आफ्नो तर्क दिनुपर्ने छ । जसको अङ्कभार ४ गरी जम्मा २९ अङ्कभार पढाइ लेखाई एकीकृत सिप परीक्षणका लागि छुट्याइएको हेर्दा प्रश्नहरूमा एकीकृत सिपको सन्तुलन मिलाएको देखिन्छ ।

**(ई) शब्द भण्डार परीक्षण र अङ्क वितरण**

माध्यमिक शिक्षा पाठ्यक्रमले तोकेको ७५ पूर्णाङ्क मध्येबाट ६ अङ्क शब्दभण्डार परीक्षणकालाई छुट्याइएको छ । विद्यार्थीहरूको शब्द भण्डार बढाउने क्रममा प्रतिनिधि प्रश्नपत्रमा निम्न अनुसार शब्द भण्डार परीक्षण र अङ्कभार वितरण गरेको तालिका अनुसार स्पष्ट पारिएको छ :

तालिका नं. ८

शब्द भण्डार परीक्षण र अङ्क विभाजन

| **प्रश्नपत्र** | **पूर्णाङ्क** | **उत्तीर्णाङ्क** | **वाक्यमा प्रयोग गर्ने** | | **अर्थ लेखन** | | **खाली ठाउँ भर्ने** | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **प्र.सं.** | **अ.भा.** | **प्र.सं.** | **अ.भा.** | **प्र.सं.** | **अ.भा.** |
| प्रदेश नं. २ | ७५ | २७ | २ | २ | ४ | २ | ४ | २ |

प्रस्तुत तालिकाका आधारमा एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका नेपाली भाषाको प्रश्नपत्रको अध्ययन गर्दा अर्थ लेखन २ अङ्क, शब्द पहिचान २ अङ्क र वाक्यमा प्रयोग २ अङ्क गरी जम्मा ६ अङ्क शब्द भण्डारसिप परीक्षणका निम्ति छुट्याइ विशिष्टीकरण तालिकामा उल्लेख भए बमोजिम सबै पक्षहरू भने समावेश भएको पाइदैन ।

**(उ) व्याकरण परीक्षण र अङ्क वितरण**

व्याकरणात्मक सिप परीक्षणका निम्ति माध्यमिक शिक्षा पाठ्यक्रमले नेपाली विषयमा सैद्धान्तिक भन्दा व्यवहारिक पक्षलाई बढी जोड दिएको छ । एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएको नेपाली विषयको प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुसार व्याकरण परीक्षणका लागि जम्मा१५ अङ्कभार छुट्याइएअनुरूप प्रश्न निर्माण गरेको देखिन्छ । तालिका नं. ७ अनुसार प्रश्न नं. ४ मा शुद्धिकरण अन्तर्गत 'क' र 'ख' गरी २ ओटा प्रश्नहरू समावेश गरेको छ । पहिलो प्रश्नमा शब्द समूहबाट शुद्ध शब्द चिनेर लेख्नुपर्ने छ जसको अङ्क १ रहेको छ । त्यसैगरी 'ख' मा वाक्यलाई शुद्ध पारी लेख्नुपर्ने छ जसलाई २ अङ्क भार छुट्याइएको छ । प्रश्न नं. ५ मा पदवर्ग छुट्याउनु पर्ने रहेको छ जसको

अङ्कभार ३ रहेको छ । प्रश्न नं. ६ मा 'क' नम्बरको प्रश्नमा उपसर्ग र प्रत्यय लगाइ एक-एक शब्द बनाउनु पर्ने र 'ख' मा दिइएको शब्दलाई समास वा विग्रह गर्नुपर्ने देखिन्छ जसको अङ्कभार क्रमशः २ र १ रहेको छ । प्रश्न नं. ७ मा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भरी वाक्य पूरा गर्न लगाइएको छ जसमा २ अङ्कभार तोकिएको छ । त्यसैगरी प्रश्न नं. ८ मा निर्देशनअनुसार वाक्य परिवर्तन गर्न लगाइएको छ जसको अङ्कभार ४ रहेको छ र प्रश्न नं. ९ मा सामानय वर्तमान कालका फरक फरक क्रियापदहरूको प्रयोग गरी वर्णन गर्न लगाइएको छ, जसको अङ्कभार ३ रहेको छ । यसरी अध्ययन विश्लेषण गर्दा व्याकरण परीक्षणका लागि छुट्याइएको अङ्कभार र विधा विशिष्टीकरण तालिका अनुरूप नै देखिन्छ ।

### ४.१.२.३ प्रस्तुति अनुक्रम

परीक्षणका लागि तयार गरिएका प्रश्न पत्रहरूको रखाइक्रम नै प्रस्तुति अनुक्रम हो । प्रश्नहरू विभिन्न प्रकृतिका हुन्छन्, जस्तै विषयगत, वस्तुगत, सरल, मध्यम, जटिल । प्रतिनिधि प्रश्न २०७५ सालमा प्रदेश नं. २ मा सोधिएको एस.इ.इ. परीक्षाको प्रश्नपत्रमा उपर्युक्त तालिका नं. १ देखि तालिका नं. ८ सम्मको अध्ययन विश्लेषणका आधारबाट हेर्दा परीक्षणका लागि सोधिएका प्रश्नहरूको अनुरूप हेर्दा सरलदेखि जटिलताको क्रममा पाइएको र उपयुक्त अनुक्रम भएको देखिन्छ । किनकि सबैभन्दा पहिले शब्दभण्डारगत प्रश्न, त्यसपछि क्रमशः व्याकरणात्मक प्रश्न, बोध प्रश्न, सारांश प्रश्न, सङ्क्षिप्त प्रश्न र विवेचनात्मक प्रश्न रहेका छन् ।

### ४.१.२.४ प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको स्वरूप भन्नाले समष्टिगत रूपमा देखिने प्रश्नपत्रको आकृति बुझिन्छ । यस अन्तर्गत प्रश्नपत्रको आदि, मध्य र अन्त्य भाग पर्दछन् । त्यसैगरी प्रश्नपत्रमा दिइएको पूर्णाङ्क, उत्तीर्णाङ्क, समय वितरण, अङ्क वितरण, प्रश्न र उपप्रश्न सङ्ख्या, पृष्ठ सङ्ख्या, प्रश्नको आकार, कागजको स्तर, कागजको रङ, अक्षरको रङ, छपाइ, सफाइ, भाषा, किनारा छोडाइ, अन्तराल, अक्षरका आधार, अक्षरका आकार, वान्की, मोडाइ आदिले पनि प्रश्नपत्रको स्वरूप तयार पार्छन् । यसरी अध्ययन गर्दा प्रश्नपत्रको स्वरूपको उत्कृष्टता र कमजोरी पक्ष पत्ता लाग्दछ । यहाँ खास गरेर आवश्यकता र परिस्थिति अनुसार शीर्षभाग, आकार,

प्रश्नपृष्ठ, कागजको स्तर, छपाइ र सफाइ जस्ता आधारलाई लिएर अध्ययन विश्लेषण गरिएको छ ।

**(क) शीर्षक भाग**

शीर्ष भाग भनेको प्रश्न सुरू हुनुभन्दा पहिलेका बारेमा जानकारी गरिन्छ । उक्त आधारलाई लिएर प्रतिनिधि प्रश्नपत्रका उल्लेख गरिएको शीर्षभागलाई हेर्दा यस्तो स्थिति देखिन्छः-

Symbol No. ................ RE-106'BP'

**SEE 2075 (2019)**

**अनिवार्य नेपाली**

नयाँ पाठ्यक्रम

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्कः ७५**

माथि दिइएको प्रतिनिधि प्रश्नपत्रलाई हेर्दा देवनागरी लिपिलाई छाडेर प्रश्नको शीर्ष भागमा अङ्ग्रेजी भाषा प्रयोग गरिएको छ जुन अनुचित देखिन्छ । त्यसैगरी पूर्णाङ्क तोकिएको तर उत्तीर्णाङ्क चाही तोकिएको छैन, तर उल्लेख गर्दा राम्रो हुने देखिन्छ ।

**(ख) आकार**

नमूना प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्र छ पृष्ठसम्मको आकारमा र अक्षरहरू १४ प्वाइन्टको आकारमा राखेको पाइन्छ ।

**(ग) प्रश्न र पृष्ठ**

कुनै पनि परीक्षाका लागि प्रश्नको निर्माण गर्दा कति र कस्ता प्रश्नहरूको निर्माण गर्ने भन्ने कुराको तय प्रश्नको निर्माण पूर्व नै गरिसक्नुपर्छ । एउटा प्रश्न तथा उपप्रश्नको निर्देशन समेत एउटै पृष्ठमा राख्नु राम्रो हुन्छ । प्रतिनिधि प्रश्नपत्रलाई हेर्दा ६ ओटा पृष्ठ सङ्ख्यामा जम्मा १८ ओटा मूल प्रश्न र अक्षरमा नम्बर दिइएका ३९ ओटा उपप्रश्नहरू रहेका छ । जुन सङ्ख्या माध्यमिक तहका लागि पर्याप्त नै देखिन्छ ।

**(घ) कागजको स्तर**

प्रतिनिधि प्रश्नपत्रको कागजको स्तरलाई हेर्दा चिल्लो राम्रो कागज नभई न्यून गुणस्तरको देखिन्छ । तर यस्तो भए पनि प्रश्नपत्रमा नै उत्तर लेखेर दिनुपर्ने नभएकोले गर्दा कमसल प्रकृतिको भए पनि प्रश्नपत्र मात्र समावेश गर्नका लागि भने उपयुक्त नै देखिन्छ ।

(ङ) **छपाइ र सफाइ**

प्रतिनिधि प्रश्नपत्र हेर्दा निर्देशनलाई गाढा गरी बुझ्न सजिलो बनाइएको र छापिएका प्रश्नहरू सफा र आकर्षक नै देखिन्छन् ।

### ४.१.२.५ भाषाको स्वरूप

प्रश्नपत्रका प्रयुक्त भाषाले पनि प्रश्नपत्रको स्वरूपमा प्रभाव पार्दछ । प्रश्नपत्रको भाषा जति स्पष्ट सरल तथा त्रुटिरहित भयो प्रश्नपत्र पनि त्यति नै आकर्षक र विश्वसनीय हुन्छ । प्रतिनिधि प्रश्नपत्रको भाषाको अवस्थालाई हेर्दा वर्णविन्यास, पदयोग र पदवियोग र अन्य पक्षमा खासै उल्लेखनीय रूपमा त्रुटि भएको देखिदैन । सामान्य नजानिदो त्रुटिलाई यहाँ उल्लेख गर्नु नपर्ने देखिन्छ ।

## ४.२ छलफल/व्याख्या

एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका नेपाली विष भाषाको प्रश्नपत्रको अध्ययन विश्लेषण गर्दा आन्तरिक र बाह्य आधारलाई छलफल र व्याख्या गर्न आवश्यक ठानिएको छ ।

प्रश्नपत्रको आन्तरिक आधारमा रहेर पाठ्यक्रम अनुरूपताको आधारबाट छलफल गर्दा भाषाको चार सिपहरूमध्ये सुनाइ र बोलाइ सिपको परीक्षण गर्न प्रश्न पत्रमा उल्लेख गरिएको छैन । विशिष्टीकरण तालिकामा सुनाइ र बोलाइ सिपको परीक्षणगर्न कक्षा शिक्षणमै शिक्षकले निर्माणात्मक मूल्याङ्कनद्वारा गर्नुपर्दछ भनी निर्देशित गरेको छ । प्रयोगात्मक कार्यका लागि पाठ्यक्रमले तोके अनुसार विशिष्टीकरण तालिकामा २५ अङ्कभार छुट्याइदिएको छ । विशिष्टीकरण तालिकाको सीमा भित्र रही प्रश्न सोधिएकाले यसमा दोष देखिदैन । विशिष्टीकरण तालिकाका आधारमा समय निर्धारण गर्दा प्रश्नपत्रमा प्रश्नपिच्छे समय वितरण चाहिँ विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्रमा छैन तर व्यावहारिक रूपले हेर्दा आपत्तिजनक देखिदैन ।

भाषिक पक्षको विकास गराउने उद्देश्यले विशुद्ध पढाइ, सिप, विशुद्ध लेखाइ सिप परीक्षण, पढाइ र लेखाइ एकीकृत सिप परीक्षण, व्यावहारिक सिप परीक्षण र अङ्कभार आदि पक्षहरूको संयोजन र सन्तुलन मिलाइ क्षमता वृद्धिको जाँच मूल्याङ्कनन समय र अङ्कभारका आधारमा विद्यार्थीहरूको तुलना गर्न सकिन्छ ।

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नहरू स्तरीय देखिन्छन् । विशिष्टीकरण तालिका अनुरूप तयार पारिएको प्रश्नपत्रमा धेरै विकल्प नभएका, स्पष्ट प्रश्न भएका, प्रश्नहरू ठीक आकारका आदि कारणले गर्दा स्तरीय देखिन्छन् । सबै खाले विद्यार्थीहरूले केही न केही लेख्नसक्ने क्षमता, पत्ता लगाउन सक्ने गुण प्रतिनिधि प्रश्न पत्रमा देखिन्छ । प्रश्नहरू चोरी वा नक्कल गर्न सक्ने प्रवृत्तिका भएकाले वैधताका दृष्टिले कमजोर देखिन्छ ।

भाषाका आधारमा प्रतिनिधि प्रश्नपत्रमा केही सामान्य त्रुटिहरू भेटिन्छन् जुन सम्पादन पक्षको कमजोरीले भएको देखिन्छ ।

प्रश्नपत्रहरू सैद्धान्तिक र प्रयोगात्मक दुवै प्रकारको हुन आवश्यक देखिन्छ । लिखित परीक्षामार्फत परीषण गर्दा विषयगत र वस्तुगत प्रश्न भए तापनि यसले भाषिक सिपका कतिपय पक्ष समेट्न सकेको देखिदैन । यसका लागि हामीले माध्यमिक भाषा पाठ्यक्रम ( २०७१) ले निर्देशित गरे अनुरूप प्रयोगात्मक कार्यतर्फ पनि ध्यान दिनु आवश्यक हुन्छ । यसबाट उनीहरूमा पनि ध्यान दिनु आवश्यक हुन्छ । यसबाट उनीहरूमा गरेर सिक्ने सिर्जनात्मक क्षमताको विकास हुन्छ ।

बाह्य आधारमा समेटेर प्रतिनिधि प्रश्नपत्रको निर्देशनको छलफल गर्दा अनिवार्य नपाली विषय भएकाले २०७५ लेख्नुको सट्टा 2075 लेखिनुले लापरवाहीको कारण त्रुटि भएको मानिन्छ ।

प्रश्नपत्रमा प्रश्नको अङ्क र समय, प्रश्नको कठिनाइ स्तर, प्रश्नको प्रवृत्ति, उत्तरको आकार आदि आधारमा सन्तुलन मिल्नु पर्दछ । व्याख्यात्मक प्रश्नका लागि भने ४ अङ्क अनुपयुक्त देखिन्छ । यस्तो हुनुमा विशिष्टीकरण तालिकाको अङ्क वितरणमा फितलोपन भएको मान्न सकिन्छ । ७५ पूर्णाङ्कका लागि २७ उत्तीर्णाङ्क उपयुक्त नै देखिन्छ । ७५ पूर्णाङ्कका लागि २ घण्टा १५ मिनेट समय निर्धारण गरिएको छ । प्रश्नपत्रमा विशिष्टीकरण तालिका बमोजिम प्रश्नपिच्छे समय निर्धारण गरिएको छैन जुन व्यावहारिक दृष्टिले प्रश्नपत्रलाई दोष लगाउन मिल्दैन ।

प्रतिनिधि प्रश्नहरू सरल देखि जटिलताको अनुक्रममा रहेको देखिन्छ, जुन प्रस्तुति अनुक्रमका दृष्टिले उपयुक्त रहेको छ ।

प्रश्नपत्रको स्वरूपका आधारमा शीर्ष भागमा अङ्ग्रेजी भाषाको प्रयोग गर्नु प्रश्न निर्माणकर्ताको लापरवाहीका कारण यस्तो त्रुटि भएको पाइन्छ । प्रश्नपत्रको कागजको गुणस्तर भने न्यून स्तरणको देखिन्छ तर प्रश्नपत्रमै लेखेर उत्तर दिनुपर्ने नभएको अवस्थाले

गर्दा कमसल खालको भए तापनि प्रश्न निर्माण खर्चमा मित्व्ययिता अपनाएको उचित मानिन्छ ।

भाषाका आधामार छलफल गर्दा वर्ण विन्यास, पदयोग, पदवियोग आदि विविध पक्षहरूमा सामान्य त्रुटि भएको पाइन्छ । जुन प्राश्निक र सम्पादनकर्ताहरूका लापरवाहीले यस्तो हुन गएको हो । यस आधारमा सचेत बन्न सकेमा प्रश्नपत्रमा मिठासपन आउने देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव तथा उपयोगिता

## ५.१ निष्कर्ष

एस.इ.इ. परीक्षा २०७५ सालमा प्रदेश नं. २ मा सोधिएको नेपाली भाषाको प्रश्नपत्रको अध्ययन विश्लेषण गर्ने सिलसिलामा एस.इ.इ. परीक्षा २०७५ सालको नेपाली भाषाको प्रश्नपत्रको विश्लेषण शीर्षक राखी खास गरेर आन्तरिक र बाह्य आधारलाई बढी जोड दिइएको छ ।

- पाठ्यक्रम अनुरूप प्रतिनिधि प्रश्नपत्र निर्माण भएको देखिन्छ ।
- विशिष्टीकरण तालिकासँग प्रश्नपत्र मेल खाएको पायन्छ ।
- प्रतिनिधि प्रश्नपत्रहरूमा प्रश्नहरू सरलदेखि जटिलतिरको अनुक्रममा मिलेको पाइन्छ ।
- विभिन्न भाषिक सिपहरूको परीक्षण गर्ने खालका प्रश्नहरूको निर्माण गरी भाषिक पक्षको संयोजन र सन्तुलन मिलाउन खोजेको देखिन्छ ।
- प्रश्नहरूलाई व्यावहारिक बनाउने प्रयास गरिएको छ ।
- प्रश्नपत्रमा विभेदकारिताको गुण रहेको पाइन्छ ।
- प्रश्नपत्रमा विषयवस्तुको क्षेत्र र प्रश्नहरूको तालमेल मिलेको पाइन्छ ।
- प्रश्नपत्रका लागि उपयोग गरिएको कागज, छपाइ र सफाइ ठिकै देखिन्छ ।
- प्रतिनिधि प्रश्नपत्रमा 2075 (2019) अङ्ग्रेजीमा लेखिएकाले शीर्ष निर्देशनमा भाषागत त्रुटि देखिन्छ ।
- व्याख्यात्मक लेखनमा अङ्कभारमा अनुपयुक्तता देखिन्छ ।
- वर्णविन्यास, पदयोग, पदवियोग सम्बन्धी सामान्य त्रुटि भएको पाइन्छ ।
- विशिष्टीकरण तालिका अनुसार प्रश्नपिच्छे अङ्कभार नछुट्याएको देखिन्छ ।
- प्रतिनिधि प्रश्नपत्रमा प्रयोग भएको भाषामा प्राश्निक र सम्पादकले त्यति समय खर्च नगरेको देखिन्छ।

## ५.२ सुझाव

प्रतिनिधि प्रश्नपत्रको अध्ययन कार्यबाट राष्ट्रिय स्तरका महत्त्वपूर्ण परीक्षा मानिने एस.इ.इ. परीक्षालाई अझ स्तरीय बनाउनका लागि सम्बन्धित सबै निकाय र पक्षको ध्यानाकर्षण गर्न निम्न सुझावहरू अघि सारिएका छन् :-

- नेपाली विषय भएकाले बाध्यात्मक स्थिति बाहेक अन्य अवस्थामा देवनागरी लिपिको प्रयोग मात्र गर्नु उचित हुने देखिन्छ ।
- व्याख्यात्मक प्रश्नका लागि अङ्कभार अलि न्यून भएकाले विशिष्टीकरण तालिकाको निर्माण गर्दा व्याख्यात्मक प्रश्नको अङ्कभार बढाउन उचित हुने देखिन्छ ।
- प्रश्नपत्रमा निर्देशन र प्रश्न एउटै पृष्ठमा हुनुपर्ने देखिन्छ ।
- प्राश्निक र सम्पादन पक्ष चनाखो भएर भाषिक त्रुटिलाई हटाउन सकिने देखिन्छ ।
- पाठ्यक्रमको व्यापकतालाई समेट्न सक्ने प्रयास गर्नुपर्ने देखिन्छ ।
- विशिष्टीकरण तालिका अनुसारप्रश्नपिच्छे अङ्कभार छुट्याउनु उचित हुने देखिन्छ ।
- प्रश्नपत्रहरू विषयविज्ञ, अनुभवी र दक्ष शिक्षकहरूबाट निर्माण गराउनु पर्दछ ।
- पाठ्यक्रमको कुन उद्देश्य पूर्ति गर्न प्रश्नपत्र तयार पारिएको हो सो उद्देश्य पूर्ति हुने खालका प्रश्न निर्माण गर्नुपर्ने देखिन्छ ।
- प्रत्येक प्रश्नको शीर्ष भागमा संस्थाको नाम र जिल्लाशुद्ध भाषामा राख्नुपर्नेदेखिन्छ ।

## ५.३ उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धान कार्यले नयाँ कुराको खोजी वा पहिले गरिएका अध्ययनको पूर्वव्याख्या र अध्ययन गर्ने भएकाले प्रस्तुत शोधकार्य पनि विभिन क्षेत्रमा उपयोगी हुने अपेक्षा गरिएको छ । अध्ययन अनुसन्धानबाट निस्कने नयाँ निष्कर्ष र सुझावलाई कार्यान्वयन गर्ने विभिन्न क्षेत्र नै शोधका उपयोगीको क्षेत्र हुने हुँदा अनुसन्धान कार्य कुनै पनि उपयोगमा आएन भने शोधकार्यको कुनै अर्थ हुँदैन ।

प्रस्तुत शोधपत्र एस.इ.इ. २०७५ सालमा प्रदेश नं. २ मा सोधिएका नेपाली भाषाको प्रश्नपत्रको विश्लेषण गर्दा निम्न बमोजिमका हमा उपयोगी रहेको छ :-

### ५.३.१ नीतिगत तहमा

- विशिष्टीकरण तालिकामा विषयवस्तु र अङ्कभार निर्धारण गर्दछ ।

- भाषिक सिप मूल्याङ्कनका लागि चारै सिपको सन्तुलन मिलाइ प्रश्नहरू निर्धारण गर्छ ।
- भाषा पाठ्यक्रमका लागि उपयुक्त मूल्याङ्कनका साधनको निर्क्योल गर्छ ।
- भाषिक सिपको उचित निर्धारण गर्छ ।
- प्रश्नपत्रमा विश्वासनीयता, वैधता, व्यावहारिकता, विभेदकारिता, स्तरीयता जस्ता गुण निर्धारण गरी स्तरीय प्रश्न निर्माण गर्छ ।
- माध्यमिक तहमा पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीकरण तालिकाको सन्तुलनमा सधारात्मक मूल्याङ्कन गर्छ ।

### ५.३.२ कार्यान्वयन तह

- भाषाका चारै सिप एकीकृत रूपमा शिक्षण गर्ने मूल्याङ्कनात्मक सचेतना प्रदान गर्दछ ।
- पाठ्यक्रम र विशिष्टीकरण तालिकाले अपेक्षा गरेका उद्देश्य पूरा गर्न शिक्षक र सम्बन्धित पक्षलाई सचेत गराउँछ ।
- भाषाका चारै सिपहरूको उचित परीक्षण गर्ने खालका प्रश्नहरूको उपयोग हुन्छ ।
- सैद्धान्तिक पक्षका साथै प्रयोगात्मक र निर्माणात्मक वा निरन्तर मूल्याङ्कनका पक्षमा बढी जोड दिन सहयोग गर्दछ ।
- प्रश्न निर्माणको अन्तिम रूप तयारी हुनुभन्दा अगावै पूर्व परीक्षणका लागि यस प्रतिनिधि प्रश्नपत्रद्वारा लक्षित समूहले परीक्षण गरी प्रश्नको स्रीयता कायम गर्न उपयोगी हुन्छ ।

### ५.३.३ आगामी अनुसन्धानका लागि शीर्षक

- एस.इ.इ. परीक्षा २०७६ सालमा प्रयोग गरिएका नेपाली प्रश्नहरूमा व्यावहारिक सिप परीषणको तुलनात्मक अध्ययन ।
- माध्यमिक तह नेपाली विषयका पाठ्यक्रम र विशिष्टीकरण तालिकाको तुलनात्मक अध्ययन ।
- नेपाली विषयका प्रश्नपत्रहरूमा उच्च दक्षता र न्यून दक्षताका प्रश्नपत्रहरूको विश्लेषण र अध्ययन ।

## सन्दर्भ सूची


आचार्य, दिलिपकुमार (२०६०), **२०५८ मा उपयोग गरिएका कक्षा ८ नेपाली भाषाका प्रश्नहरुको विश्लेषण** (स्नाकोत्तर अप्र. शोधपत्र), काठमाडौंः केन्द्रिय क्याम्पस कीर्तिपुर, नेपाली शिक्षा विभाग ।

गुप्ता, सुमित्रा (२०७४), **२०७२ सालमा जिल्ला स्तरीय कक्षा आठको परीक्षामा नेपाली भाषा विषयमा उपयोग गरिएका प्रश्नपत्रहरुको अध्ययन** (स्नातकोत्तर शोधपत्र), मोरङःसुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

चुडाल नेत्रप्रसाद (२०७२), **कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०६९) मा उपयोग गरिएका प्रश्नपत्रहरुको अध्ययन** (स्नातकोत्तर शोधपत्र), मोरङः सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

ज.ब.रा., स्वयंप्रकाश, चन्द्रबहादुर श्रेष्ठ र किरणराम रञ्जितकार (२०७३), **शिक्षामा मापन तथा मूल्याङ्कन**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, हिमा (२०७२), **नेपाली विषयका प्रश्नपत्रहरुको तुलनात्मक अध्ययन** (स्नातकोत्तर शोधपत्र) इटहरीः जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग ।

पन्थी, महेश्वर (२०६४), **प्रवेशिका परीक्षा २०६२/०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरुको तुलनात्मक अध्ययन** (अप्रकाशित स्नाकोत्तर शोधपत्र), किर्तिपूर, काठमाडौंःत्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग ।

प्रसाई, युवराज (२०७३), **प्रवेशिका परीक्षा २०७० सालका नेपाली विषयका प्रश्नपत्रहरुको अध्ययन** (स्नातकोत्तर शोधपत्र), इटहरीः जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

मल्ल, डार्विनकुमार (२०७०), **एस.एल.सी. परीक्षा २०६९ मा पाँच विकास क्षेत्रमा सोधिएका अनिवार्य नेपाली विषयका प्रश्नहरुको तुलनात्मक अध्ययन** (स्नातकोत्तर शोधपत्र) किर्तिपुरः त्रि.वि. नेपाली भाषा शिक्षा विभाग ।

राई, हुकुमसिंह (२०६८), **अनिवार्य नेपाली र ऐच्छिक नेपाली कक्षा-११ का २०६६ सालमा सोधिएका प्रश्नपत्रहरुको अध्ययन** (स्नातकोत्तर शोधपत्र), इटहरीः जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०७३), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| शोधार्थीको नाम | : | सरीना राई |
| जन्म स्थान | : | राजावास |
| जन्म मिति | : | २०५३/०८/१५ |
| माता | : | चन्द्रकला राई |
| पिता | : | नगेन्द्रप्रसाद राई |
| राष्ट्रियता | : | नेपाली |
| वैवाहिक स्थिति | : | विवाहित |
| स्थायी ठेगाना | : | बराह नगरपालिका वडा नं.-८ |
| अस्थायी ठेगाना | : | इटहरी उपमहानगरपालिका-५ |
| सम्पर्क नं. | : | ९८१०५१५०५६ |
| इमेल | : | sarina.raipradhan@gmail.com |

**शैक्षिक योग्यताः**

| साल | तह | संस्था | सङ्काय | विद्यालय/क्याम्पस | श्रेणी |
|---|---|---|---|---|---|
| २०७३ | स्नातक | त्रि.वि. | शिक्षा | सप्तकोशी बहुमुखी क्याम्पस | द्वितीय |
| २०७० | +२ | उ.मा.वि. | शिक्षा | श्री प्रकाश उच्च मा.वि. | द्वितीय |
| २०६७ | प्रवेशिका | एस.एल.सी. बोर्ड | – | जनक मा.वि. | द्वितीय |

परिशिष्ट-१

# करण तालिका २०७३
## (सैद्धान्तिक मूल्याङ्कन)

विषय : नेपाली

पूर्णाङ्क : ७५

| क्षेत्र -पढाइ र लेखाइ) | विधा | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्क भार | समय (२ घन्टा १५ मिनेट) | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. शब्द भण्डार | अर्थ लेखन | १ | | | | १ | १ | २ | ४ | पाठमा प्रयोग भएका कुनै ४ ओटा शब्द (तत्सम-२, तद्भव-१ र आगन्तुक-१ र तिनको अर्थबिच जोडा मिलाउन लगाउने । जोडा मिलाउन दिँदा शब्द सङ्ख्याभन्दा अर्थ सङ्ख्या कम्तीमा २ ओटा बढी दिनुपर्ने । |
| | शब्द पहिचान | १ | | | | १ | १ | २ | ४ | पाठ्यपुस्तकमा प्रयोग भएका विपरीतार्थी-१, पर्यायवाची-१, अनेकार्थी-१ र श्रुतिसम भिन्नार्थी-१ शब्द पर्ने गरी दिएर सङ्केतबमो जिम खाली ठाउँ भर्न लगाउने । |
| | वाक्यमा प्रयोग | | | १ | | १ | १ | २ | ४ | पाठ्यपुस्तकमा प्रयोग भएका अनुकरणात्मक, प्राविधिक/पारिभाषिक, उखान, टुक्का र निपात मध्येबाट कुनै २ ओटा दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| २. हिज्जे (वर्ण विन्यास, लेख्य चिह्न र पदयोग तथा वियोग) | शुद्धीकरण (क) शब्दको तहमा | | | १ | | १ | १ | १ | २ | ब/व, श/ष/स र पञ्चम वर्ण प्रयोग भएका शब्दहरूमध्ये कुनै दुई शब्दको शुद्ध रूप छानेर लेख्ने २ ओटा बहु वैकल्पिक प्रश्न सोध्ने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | (ख) वाक्यको तहमा | | | १ | | १ | १ | २ | ४ | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी लेख्य चिह्न-१, पदयोग र पद वियोग -१, ह्रस्व-१ र दीर्घ-१ पर्ने गरी ४ ओटा अशुद्धि भएको वाक्य दिई शुद्ध पार्न लगाउने । |
| ३.व्याकरण | (क) शब्दवर्ग | | | १ | | १ | १ | ३ | ५ | नाम, सर्वनाम, विशेषण, क्रियापदबाट ४ ओटा र अव्यय (नामयोगी, क्रियायोगी, संयोजक, निपात, विस्मयादिबोधक) बाट २ गरी फरक फरक वर्गका कुनै ६ ओटा शब्द पर्ने गरी एउटा अनुच्छेद दिने र रेखाङ्कन गरी पहिचान गर्न लगाउने । |
| | (ख) शब्द निर्माण<br>(अ) उपसर्ग र प्रत्यय | | | १ | | १ | १ | २ | ४ | कुनै छोटो गद्यांश दिई कम्तीमा दुई ओटा उपसर्ग लागेका र कम्तीमा दुई ओटा प्रत्यय लागेर बनेका शब्द दिएर तिनको पहिचान गरी लेख्न लगाउने वा दुई ओटा उपसर्ग र दुई ओटा प्रत्यय दिई शब्द निर्माण गर्न लगाउने |
| | (आ) समास र विग्रह | | | १ | | १ | १ | १ | २ | विग्रह भएको शब्द एउटा र समस्त शब्द एउटा दिई समास वा विग्रह गर्न लगाउने वा विग्रह र समास भएका कम्तीमा एक एक ओटा शब्द प्रयोग भएको कुनै छोटो गद्यांश दिई एक एक ओटा समस्त शब्द र विग्रहित अवस्था पहिचान गरेर समास वा विग्रह गर्न लगाउने । |
| | (ग) काल, पक्ष र भाव/अर्थ | | | १ | | १ | १ | २ | ४ | काल र पक्षबाट २ र भाव/अर्थबाट २ ओटा धातु सङ्केत गरी वाक्य पूरा गर्न लगाउने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | (घ) वाक्य परिवर्तन तथा संश्लेषण विश्लेषण | | | १ | | १ | १ | ४ | ७ | कोष्ठकमा निर्देश गरेर निम्नबमोजिम ४ वाक्य परिवर्तन गर्न लगाउने :<br>(क) कर्तृ, कर्म वा भाववाच्यमध्ये कुनै एक वाच्य दिई अर्को वाच्यमा परिवर्तन गर्न लगाउने<br>(ख) सामान्य वाक्यलाई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्न लगाउने<br>(ग) कुनै एक वाक्य दिएर लिङ्ग, वचन, पुरुष, आदर, करण, अकरणमा परिवर्तन गर्न लगाउने<br>(घ) दुई ओटा वाक्य दिएर एउटै वाक्यमा संश्लेषण गर्न लगाउने वा<br>एउटा वाक्य दिएर दुई वाक्यमा विश्लेषण गर्न लगाउने वा<br>सरल, संयुक्त र मिश्रमध्ये कुनै एक वाक्य दिएर अर्को वाक्यमा परिवर्तन गर्न लगाउने । |
| | (ङ) स्वतन्त्र वाक्य रचना<br>(वर्णन) | | | १ | | १ | १ | ३ | ५ | क्रियाको खास काल, पक्ष वा क्रियाको अर्थ/भावमध्ये कुनै एकको कोटी तोकेर ३ वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने ।<br>(यसरी प्रश्न बनाउँदा माथि मूल्याङ्कनमा परेको कोटी पुनः नदोहोऱ्याउने ।) |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. पठन बोध | (क) बोध सम्बन्धी प्रश्नोत्तर<br><br>(दृष्टांश) | | १ | | | १ | १ | ५ | ९ | कुनै गद्यांश दिई निम्नबमोजिम ५ ओटा प्रश्न सोध्ने :<br><br>(क) पाठमा (गद्यांश) आधारित भई एउटा तथ्यपरक र अर्को अनुमानात्मक गरी दुई प्रश्न सोध्ने ।<br><br>(ख) कारकहरूमध्ये कुनै एक कारक र विभक्ति प्रयोग भएको वाक्य पाठ (गद्यांश) बाट खोजेर लेख्न लगाउने ।<br><br>(ग) पाठ (गद्यांश) मा प्रयोग भएका सरल, संयुक्त वा मिश्र वाक्यलाई सरल भए मिश्र वा संयुक्तमा, मिश्र भए सरल वा संयुक्तमा र संयुक्त भए मिश्र वा सरलमा परिवर्तन गर्न लगाउने ।<br><br>(घ) अनुच्छेदबाट विपरीतार्थी, पर्यायवाची र अनेकार्थी शब्द पहिचान गर्न लगाउने र त्यस शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने । |
| | (ख) बोध सम्बन्धी प्रश्नोत्तर<br><br>(अदृष्टांश) | | १ | | | १ | १ | ५ | ९ | गद्य विधाबाट बढीमा १५० शब्दसम्मको अनुच्छेद दिई एक वा दुई वाक्यमा उत्तर आउने तथ्यपरक, सन्दर्भबोधक, प्रक्रियाबोधक आदि ५ ओटा प्रश्न सोध्ने । |
| ५. बुँदा टिपोट र सारांश<br><br>(दृष्टांश) | बुँदा टिपोट र सारांश | | | | १ | १ | १ | ५ | ९ | गद्य विधाका पाठबाट बढीमा १५० शब्दसम्मको दृष्टांश दिई ४ ओटा बुँदा टिपेर सारांश लेख्न लगाउने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. निर्देशित तथा स्वतन्त्र, चना, व्यवहारिक लेखन | कथा/जीवनी, एकाङ्की/ मनोवाद/ वादविवाद/चिठी | | | | २ | २ | १ | ४ | ७ | बुँदा दिई कथा/जीवनीबाट एक र एकाङ्की/मनोवाद/वादविवाद/चिठी (व्यापारिक वा व्यक्तिगत वा निवेदन) बाट एक गरी दुई प्रश्न सोधेर कुनै एक प्रश्नको उत्तर दिन लगाउने । |
| ७. भाव विस्तार/ व्याख्या / सप्रसङ्ग व्याख्या | कथा/कविता /जीवनी /निबन्ध | | | | २ | २ | १ | ४ | ७ | कथा/कविता/निबन्ध/ जीवनी विधाबाट कुनै दुई विशिष्ट पङ्क्ति दिई कुनै १ को भावविस्तार, व्याख्या वा सप्रसङ्ग व्याख्या गर्न लगाउने । |
| ८. पाठगत बोध | (क) कथा, कविता,<br><br>जीवनी, प्रबन्ध/निबन्ध<br><br>(सन्दर्भमा आधारित<br><br>सङ्क्षिप्त उत्तरात्मक) | १ | १ | | १ | ३ | २ | ८ | १४ | निम्नबमोजिम तिन प्रश्न सोधी कुनै दुई प्रश्नको उत्तर दिन लगाउने<br>(क) पाठ्यपुस्तकका कथाबाट कुनै अंश उद्धृत गरी त्यसका आधारमा विषयवस्तु लेख्ने, घटना वर्णन, मूल भाव वा सन्देश, चरित्र चित्रण सम्बन्धी कम्तीमा ५ वाक्यमा उत्तर दिने खालका सङ्क्षिप्त उत्तरात्मक २ प्रश्न सोध्ने<br>(ख) पाठ्यपुस्तकका कविताबाट कुनै अंश उद्धृत गरी त्यसका आधारमा विषयवस्तु उल्लेख, वर्णन, मूल भाव वा सन्देश सम्बन्धी कम्तीमा ५ वाक्यमा उत्तर दिने खालका सङ्क्षिप्त उत्तरात्मक २ प्रश्न सोध्ने<br>(ग) पाठ्यपुस्तकका जीवनी, निबन्ध/प्रबन्धमध्ये कुनै एक विधाबाट गद्यांश उद्धृत गरी त्यसका आधारमा विषयवस्तु लेख्ने, घटना वर्णन गर्ने, मूल भाव वा<br>सन्देश उल्लेख गर्ने, चरित्र चित्रण सम्बन्धी कम्तीमा ५ वाक्यमा उत्तर दिने खालका सङ्क्षिप्त उत्तरात्मक २ प्रश्न सोध्ने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | (ख) तार्किक शिल्प/ समस्या समाधानात्मक | | | | १ | १ | १ | ४ | ७ | पाठ्यपुस्तकभित्रका कथा, जीवनी, प्रबन्ध/निबन्धको कुनै सन्दर्भ दिई आफ्ना विचारले पुष्टि गर्ने, तर्क दिने वा कुनै समस्या देखाई समस्या समाधान गर्ने खालका प्रश्न सोध्ने । |
| ९. पाठगत बोध (लामो उत्तरात्मक) | कथा, कविता, जीवनी, प्रबन्ध/निबन्ध | | | | २ | २ | १ | ८ | १४ | पाठ्यपुस्तकभित्र समावेश गरिएका कथा, कविता, जीवनी, प्रबन्ध/निबन्धमध्ये कुनै दुई विधाबाट पाठगत अंश वा सूचना दिई त्यसका आधारमा विश्लेषणात्मक, सिर्जनात्मक तथा समीक्षात्मक क्षमता परीक्षण गर्ने किसिमका कुनै दुई प्रश्न सोधी एकको उत्तर दिन लगाउने । |
| १०. स्वतन्त्र रचना (सिर्जनात्मक) | | | | | १ | १ | १ | ८ | १४ | एक आत्मपरक र दुई वस्तुपरक गरी तिन शीर्षक दिने र कुनै एउटामा कम्तीमा १५० शब्दसम्मको निबन्ध लेख्न लगाउने । |

द्रष्टव्य :

१. (क) ज्ञान : यसमा प्रारम्भिक सिकाइका कुराहरू पर्छन् । विशिष्ट तथ्य, पुनः स्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

(ख) बोध : विद्यार्थीले सिकेका कुराको व्याख्या र वर्णन गर्ने क्षमताको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

(ग) व्यावहारिक सिप : यसमा प्रयोग गर्ने र संयोजन गर्ने जस्ता व्यावहारिक क्षमता सम्बन्धी प्रश्नहरू सोधिने छन् ।

(घ) उच्च दक्षता : विचारको संयोजन र मूल्याङ्कन गर्ने क्षमता सम्बन्धी प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

## प्रयोगात्मक कार्यका लागि विशिष्टीकरण तालिका

| क्र.स. | क्षेत्र (सुनाइ र बोलाइ) | परीक्षण गर्ने पक्ष | अङ्कभार | स्पष्टीकरण |
|---|---|---|---|---|
| १. | सुनाइ | श्रुतिबोध (भाव बोध<br>अर्थ बोध<br>सन्दर्भ<br>बोध अनुमान<br>तर्कलगायत) | १० | रेडियो, क्यासेट, मोबाइल वा अन्य विद्युतीय सामग्रीबाट समाचार, संवाद, साहित्यिक अभिव्यक्ति, वा अन्य सन्देशमूलक गद्यांश सुनाएर ज्ञान, बोध, सिप, प्रयोग र विश्लेषण तहसँग सम्बन्धित प्रश्नहरू सोधी भन्न वा लेख्न लगाउने ।<br>वा १५० देखि दुई सय शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (अदृष्टाशं) सुनाएर<br>उल्लिखित पाँच ओटै तहसँग सम्बन्धित प्रश्नहरू सोध्ने ।<br>(पाँच ओटै तहको प्रतिनिधित्व हुने गरी १/१ ओटा गरी पाँच प्रश्न सोध्न सकिने) |
| २. | बोलाइ | (क) मौखिक वर्णन/<br>कथा कथन<br><br>(ख) सस्वर वाचन | १०<br><br><br>५ | कुनै विषयवस्तु, चित्र, परिवेश दिएर मौखिक वर्णन गर्न लगाउने वा जाने सुनेको<br>कुनै कथा वा कसैको जीवनी भन्न लगाउने<br>(यसरी वर्णन गर्दा वा कथा भन्दा वक्ताले बोलेको कुरामा स्पष्टता, प्रभावकारिता, शैली, भाषिक स्तर, शुद्धोच्चारण, गति, यति, लय र हाउभाउ जस्ता पक्षमा ध्यान दिने)<br>कुनै पत्रपत्रिकाबाट १०० शब्दसम्मको गद्यांश वा पद्यांश दिएर गति, यति, लय मिलाएर भावानुकूल सस्वर वाचन गर्न लगाउने ।<br>(यसरी वाचन गर्दा स्पष्टता, भाषिक शुद्धता, प्रभावकारिता, गति, यति, लय र हाउभाउमा विशेष ख्याल गर्ने) |
| | जम्मा | | २५ | |

द्रष्टव्य :

(क) ज्ञान तहको प्रश्न : के, कुन, कहिले, कसले, कसलाई, कहाँ जस्ता प्रश्नार्थक शब्द राखी कुनै एउटा प्रश्न सोध्ने

(ख) बोध तहको प्रश्न : सन्दर्भपरक कुनै एउटा प्रश्न सोध्ने

(ग) सिप तहका प्रश्न : सुनेको कुरा सिलसिला मिलाई सङ्क्षेपमा भन्ने खालका वा काल, पक्ष, भाव, वाक्य गठन आदि मध्येबाट कुनै एउटा प्रश्न र कुनै प्रयोजनपरक क्षेत्रका शब्द, उखान,
टुक्कालाई वाक्यमा प्रयोग गर्नुपर्ने मध्ये कुनै एउटा प्रश्न गरी जम्मा दुई प्रश्न सोध्ने

(घ) विश्लेषण तहको प्रश्न : सुनाइएका सामग्रीको उपयुक्त शीर्षक, निष्कर्ष, सन्देश, शिक्षा आदिमध्ये कुनै एउटा प्रश्न सोध्ने ।ल्यककबतक उभअगतभच दभाभअष्यचबभ उयलखभचचब क मष्त,

## परिशिष्ट-२

Symbol No. ................ RE-106'BP'

**SEE 2075 (2019)**

**अनिवार्य नेपाली**

नयाँ पाठ्यक्रम

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्क: ७५**

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् ।** २

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| दृढ | चित्रको प्रारम्भिक रूपरेखा |
| दुर्गम | बलियो |
| स्केच | उपहार |
| कोसेली | सेलरोटी |
| | पुग्न कठिन |
| | शरीर |

**२. कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँमा भर्नुहोस् ।** २

(क) 'प्रकाश' को पर्यायवाची शब्द .......... होइन । (आभा, रश्मि, निशा)

(ख) 'पक्ष' को विपरीतार्थी शब्द ........... हो । (विपक्ष, समक्ष, तर्क)

(ग) .......... अनेकार्थी शब्द हो । (बाग, काँच, ऐना)

(घ) .......... श्रुतिसमभिन्नार्थी शब्द हो । (हार-जित, मार-काट, शीत -सित)

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।** २

अवमूल्यन, क्यारे

**४. (क) तलका शब्द समूहबाट शुद्ध शब्द चिनेर लेख्नुहोस् ।** १

(अ) i) पञ्चशील ii) पंचशील iii) पन्चशील iv) पङ्चशील

(आ) i) शंसद् ii) षंसद् iii) संसद् iv) संशद्

**(ख) तलको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् ।** २

धैर्य, साहस दृढ इच्छाशक्ति र सङ्घर्षले नै मानीस जिवनमा सफल हून सक्छ ।

**५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् ।** ३

प्राकृतिक सम्पदा प्रचुर मात्रामा छन् तापनि यिनको राम्ररी उपयोग गर्न नसक्दासम्म हाम्रो देशको उन्नति हुने कुरामा म बिलकुल सहमत छैन ।

क्रमश:

**६. (क) तलका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनुहोस् ।** २

उपसर्ग : अधि, सु

प्रत्यय : उवा, अक्कड

**(ख) तलका शब्दलाई समास वा विग्रह गर्नुहोस् ।** १

सय ओटा पत्र भएको, दोबाटो

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भरी वाक्य पूरा गर्नुहोस् ।** २

(क) मैले 'रामायण' .......... । (पढ् : पूर्ण भूत)

(ख) हेमा दिनभरि बजार .......... । (डुल् : सामान्य भविष्यत)

(ग) माउजङ बाबुसाहेब लखनउ .......... । (जा : इच्छार्थ)

(घ) पर्यटकहरू नेपाल घुम्न .......... । (आउ : सामान्यार्थ)

**८. कोष्ठकमा दिइएका निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् ।** ४

(क) परीक्षामा राम्रो लेखियो । (कर्तृवाच्य)

(ख) उसले चुनाव जित्यो । (प्रेरणार्थक)

(ग) तैले हिजो के खाइस् ? (सामान्य आदर)

(घ) जब निद्रा लाग्छ तब सिरक ओढेर सुत । (सरल वाक्य)

**९. सामान्य वर्तमान कालका फरक फरक क्रियापदहरूको प्रयोग गरी आफ्नो भाइका बारेमा तीन वाक्यमा वर्णन गर्नुहोस् ।** ३

**१०. तलको गद्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।** ५

रुइतले तिलगङ्गा आँखा अस्पतालको स्थापना र 'रुइतेक्टोमी' को आविष्कार गर्नुभन्दा पहिले नेपालमा कुल जनसङ्ख्याको करिब ०.८ प्रतिशत मानिसमा दृष्टिविहीनताको समस्या थियो भने अहिले ०.४ प्रतिशतमा झरेको छ । नेपालले **आँखा** उपचारको पहुँच ठाउँ ठाउँमा पुऱ्याएको छ भने आँखा स्वस्थ राख्न जनचेतना फैलाउने काम पनि गरेको छ । उनको टोलीले घुम्ती शिविरमार्फत देशका **सुगमदेखि** विकट ठाउँसम्म स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । जति बेला रुइत र उनको टोलीले नयाँ प्रविधिको आविष्कार गरेर उपचार थालेको थियो, त्यतिबेला कतिपयले यिनीहरूको माथा सट्केछ पनि भने । उनका नजिकका साथीहरूले पनि निकै आलोचना गरे तर पनि स्वदेशी तथा विदेशी डाक्टरहरूको सिर्जनशील दिमाग र हातका कारण रुइत सफल हुँदै गए । यस कार्यमा रुइतकी पत्नी नन्दा रुइतको पनि उत्तिकै योगदान छ । यी सबैका साथ र सहयोग पाएर नै रुइत विश्वका चर्चित र सफल डाक्टर बनेका हुन् ।

**प्रश्नहरू**

(क) रुइतले कुन आँखा अस्पतालको स्थापना गरे ?

क्रमशः

(ख) सन्दुक रुइत कसरी विश्वका चर्चित डाक्टर भए ?

(ग) गद्यांशमा रेखाङ्कित वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् ।

(घ) **'सुगमदेखि'** शब्दको कारक र विभक्ति ठम्याई लेख्नुहोस् ।

(ङ) **'आँखा'** शब्दको पर्यायवाची शब्द लेखी त्यसलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

**११. तलको अनुच्छेद पढी सोधिएको प्रश्नहरूको उत्तर दिनुहोस् ।** **५**

भौगोलिक तथा प्राकृतिक रुपले लगानीका विविध क्षेत्रमा नेपाल उपयुक्त गन्तव्य रहेको भए पनि राजनीतिक रूपमा भने जोखिमपूर्ण देखिएको अनुभव गरिएको छ । विश्वव्यापीकरणका कारण लगानीकर्ताहरू सस्तो जनशक्ति, कच्चा पदार्थ तथा प्रचुर प्राकृतिक स्रोतका स्थानहरूको पहिचान गर्दै त्यस्ता ठाउँमा लगानी गर्न इच्छुक रहेका बेला विशाल अर्थतन्त्र भएका दुई छिमेकी मुलुक बिच अवस्थित नेपालले अन्यत्रको कुरा त छाडौं छिमेकीको लगानीलाई पनि आकर्षित गर्न सकेको छैन । नेपालमा पूर्वाधार विकास, जलस्रोत पर्यटन, कृषि, शिक्षा, स्वास्थ लगायतका क्षेत्रमा बहुपक्षीय लगानीको प्रचुर सम्भावना रहेकाले त्यस अनुसारको वातावरण सरकारले मिलाउनुपर्ने देखिन्छ । लगानीका लागि प्राथमिक रूपमा आवश्यक पर्ने विद्युत् तथा पूर्वाधारको विकास वैदेशिक लगानी भित्रिने सम्भावना न्यून रहने विगतका अनुभवबाट हामीले शिक्षा लिनै पर्छ । अर्कोतिर राजनीतिक अस्थिरता र श्रमिकको बन्दहडताल, कानुनी प्रावधान तथा प्रशासनिक प्रक्रिया जस्ता कारणले नेपालमा लगानी गर्ने समस्या परेको कुरा लगानीकर्ताहरूको गुनासो पाइन्छ ।

**प्रश्नहरू :**

(क) कुन रूपमा नेपाल लगानीका लागि उपयुक्त गन्तव्य हो ?

(ख) नेपालमा लगानीका लागि समस्या पर्नुका कारणहरू के हुन ?

(ग) लगानीकर्ताहरूले लगानीका लागि कस्तो स्थान पहिचान गर्छन ?

(घ) नेपालका लगानीका प्रमुख क्षेत्रहरू कुनकुन हुन् ?

(ङ) लगनीकर्ताहरूको के कुरामा गुनासो छ ?

**१२. तलका अनुच्छेद पढी चार ओटा बुँदा टिप्नुहोस् र एक तृतियांशमा सारांश लेख्नुहोस् ।** **५**

महिला आन्दोलन र मजदुर आन्दोलनकी अग्रणी क्लाराको शिक्षा सम्बन्धी धारणा पनि महत्त्वपूर्ण मानिन्छ । आफू संलग्न राजनीतिक दलको मुखपत्रको सम्पादक भएर काम गर्दा त्यस पत्रिकामार्फत उनले शिक्षा सम्बन्धी आफ्ना मान्यताहरू अगाडि सारिन् । त्यति बेला धार्मिक शिक्षाको प्रचलन थियो । उनी धार्मिक शिक्षाका सट्टा वैज्ञानिक तथा व्यावहारिक शिक्षाको पक्षपाती थिइन् । उनले महिला शिक्षाका साथै सहशिक्षाका बारेमा आफ्ना धारणा राखिन् । सहशिक्षाबाट लैङ्गिक विभेद कम हुन्छ भन्ने उनको विचार थियो । क्लारा राजनीतिमा सक्रिय रहेका अवस्थामा पहिलो विश्वयुद्ध सुरु भयो । क्लारा विश्वयुद्धकी विरोधी थिइन् । उनले आफू संलग्न पार्टीलाई विश्वयुद्धको विपक्षमा लाग्न आग्रह गरिन् । तर पार्टीको बहुमतले युद्धमा जाने जर्मन सरकारको नीतिलाई समर्थन

क्रमश:

गऱ्यो । क्लारा त्यसमा सहमत भइनन् । उनले आफ्ना साथीहरूसँग रोजा लक्जेम्बर्ग, कार्ल लिब्नेच्ट, लुइस कोलर आदिसँग मिलेर विश्वयुद्ध विरुद्ध जनमत बटुल्ने प्रयत्न गरिन् । उनकै पहलमा सन् १९१५ मा विश्वयुद्ध विरुद्ध अन्तर्राष्ट्रिय महिला शान्ति सम्मेलन भयो । उनले विश्वयुद्ध धनी राष्ट्रहरूको हतियार बेच्ने बहाना मात्र हो, यसले आम श्रमिकहरूको हित गर्दैन भन्दै युद्ध विरोधी अभियान चलाउने प्रस्ताव राखिन् । उनको प्रस्तावलाई सम्मेलनबाट पारित गरियो र त्यसले विश्वभर चर्चा पायो । यति हुँदाहुँदै पनि विश्वयुद्ध भइछाड्यो । उनले युद्ध विरोधी आवाज उठाइरहिन् । युद्धको विरोध गरेकाले उनलाई जर्मन सरकारले पक्रने, थुन्ने र यातना दिने काम गऱ्यो ।

**१३. तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ४**

**(क) दिइएका बुँदाहरूका आधारमा कथा लेखी शीर्षक दिनुहोस् ।**

एक जना कृषकले जीवनभर मिहिनेत गरी सम्पत्ति जोड्नु........... छोराहरूको विवाह गरिदिनु......... जीवनको उत्तरार्धतिर एक दिन तीनै भाइ छोरा र बुहारीहरूलाई जम्मा पार्नु ........ बुहारीहरूको क्षमता जाँच्न मनसायले सबैलाई दस दस दाना धान दिनु .........आफूले धानपछि माग्न सक्ने बताउनु .......... त्यति थोरै धान दिएको कुरा नबुझ्नु.......... जेठी बुहारीले धान परेवालाई छरिदिनु......... माहिली बुहारीले बाँसको ढुङ्ग्रोमा बन्द गरेर राख्नु ........ कान्छीले खेतमा लगेर रोप्नु ........ झण्डै पाँच वर्षपछि बुढाले फेरि सबै छोराबुहारीलाई बोलाउनु ......... आफूले दिएको धान माग्नु ....... जेठी बुहारीले भकारीबाट दस दाना ल्याएर दिनु ........ माइलीले ढुङ्ग्रोबाट झिकेर किरा लागेको धान दिनु.......... कान्छीले खेतमा फलाएको धानबाट दस पाथी ल्याएर दिनु .......... बुढो कृषकले कान्छी बुहारीको बुद्धिको प्रशंसा गर्नु .......... प्राप्त वस्तुको सदुपयोग गर्नुपर्ने सन्देश ।

**(ख) विपक्षी मतको खण्डन गर्दै 'विज्ञान अभिशाप नभई वरदान हो' भन्ने विषयको पक्षमा आफ्नो गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।**

**१४. कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् । ४**

(क) संसारमा त्यस्तो स्वर्गभन्दा पनि उत्तम ठाउँ भनेको जन्मभूमि हो ।

(ख) भुँडी जीवनकी निर्मात्री र विश्वकी अधिष्ठात्री हुन्, जसको पूजाआजा गर्नु प्राणी मात्रको प्रमुख कर्तव्य हो ।

**१५. तलका कुनै दुई प्रश्नको उत्तर दिनुहोस् । २x४=८**

(क) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

रामु कुर्सीमा बसेर शोभालाई पास भएको विवरण सुनाइरहेका थिए । शोभा कुर्सीपछाडि अभिएर आँखाबाट हर्षाश्रु झार्दै रामुको कपाल सुमसुम्याइरहेकी थिइन् । आँसुका थोपा रामुको

पिठिउँमा खसिरहेका थिए । एउटा साधारण गरिबका छोराले सफलताका साथ एमएस्सी पास गरेको सुनेर सबैले प्रशंसा गरे । मानिसहरूले विशेष गरेर यसको प्रधान श्रेय निर्मल चन्द्रलाई दिए । महिनाको साठी रुपियाँ खाने भाषा पाठशालाको एउटा मामुली अध्यापकले भाइ, उसमा पनि सौतेनी भाइलाई आफ्नो अनुपम त्याग र तपस्याद्वारा यत्रो उच्च शिक्षा दिलाए भनेर इष्टमित्र सबैमा खुब चर्चा भइरहेको थियो ।

**प्रश्नहरू :**

(अ) निर्मलको किन प्रशंसा गरियो ?

(आ) शोभा कस्तो चरित्रकी पात्र हुन् ?

**(ख) तलको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।**

समेटी घुस अन्याय चाहन्नँ म धनी हुन
आँखा छली परीक्षामा चाहन्नँ इलमी हुन्
नखाई सञ्चिता गर्ने लोभीको चैन छैन रे !
खाएर नगरे काम अर्को पापी हुँदैन रे !

**प्रश्नहरू :**

(अ) इलमी हुन के गर्नुपर्छ ?

(आ) कस्तो व्यक्तिलाई लोभी र पापी भनिन्छ ?

**(ग) तलको जीवनीको अंश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।**

बाल्यकालमा सन्दुक निकै चञ्चले स्वभावका थिए । तर त्यहाँको बसाइले उनको जीवन सङ्घर्षशील बन्न पुग्यो । उनी जन्मेदेखि कहिल्यै लामो यात्रामा निस्किएका थिएनन् । त्यसैले घरबाट निकै टाढा आफन्त नभएका ठाउँमा बस्नुपर्दा उनलाई निकै नरमाइलो लाग्यो । त्यहाँ बस्दा उनले अनेक पिडा र अभावको सामना गर्नैपर्‍यो । उनले संसारमा आफू एक्लो भएको र आफन्त जति सबै सकिएका हुन् कि जस्तो महसुस गरे ।

**प्रश्नहरू :**

(अ) सन्दुकको बाल्यकाल कसरी बितेको थियो ?

(आ) सन्दुकले किन आफू एक्लो भएको महसुस गरे ?

**१६. "प्रत्येक व्यक्ति भुँडीको एक अवतार हो" भन्ने भनाइप्रति तपाईंको सहमति वा असहमति के छ ? तर्क दिनुहोस् ।** ४

**१७. कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस् । ८**

**(क) तलको कथांश पढी अन्त्यमा सोधिएको प्रश्नको लामो उत्तर दिनुहोस् ।**

मानिसहरू मरेपछि स्वर्ग जान चाहन्छन् । भाइ लक्ष्मण, संसारमा स्वर्गभन्दा पनि उत्तम ठाउँ भनेको जन्मभूमि हो । मेरो विचारमा जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान् छन् ।

**प्रश्न :**

(अ) जन्मभूमि कथाले जन्मभूमिप्रतिको कर्तव्यलाई कुन रूपमा प्रस्तुत गरेको छ ? उल्लेख गर्नुहोस् ।

**(ख) तलको जीवनीको अंश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।**

समाजवादीहरूमाथि जर्मन सरकारले लगाएका प्रतिबन्ध सन् १८९० मा फुकुवा भयो । त्यसपछि क्लारा जर्मनीमा रहेर राजनीतिमा संलग्न रहिन् । उनी जर्मन समाजवादी पार्टीमा रहेर काम गर्न थालिन् । त्यही बेलासम्म पनि महिलाहरूलाई राजनीतिक पार्टीमा औपचारिक संलग्नताको अधिकार थिएन ।

**प्रश्न :**

(अ) क्लाराको प्रतिबन्ध फुकुवा भएपछि जर्मनी फर्किएर महिलाका पक्षमा के कस्ता काम गरिन् ?

**१८. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् । ८**

(क) जेष्ठ नागरिकहरूप्रति मेरो भूमिका

(ख) नेपालको वन सम्पदा

(ग) विज्ञान र प्रविधिको महत्त्व

ꙮ ꙮ